# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १ अङ्क १३ २०७३ भदौ २७ गते सोमबार Monday, Sep 12, 2016 पृष्ठ ८ मूल्य रु. १०|-


## ब्राह्मणवादको विरोधको नाममा जातिवाद मौलाउनु गलत हो : चैतन्य

**काठमाडौं ।** २५ भदौंमा सम्पन्न इच्छुक प्रतिष्ठानको पाँचौ प्राज्ञ सभालाई सम्बोधन गर्दै वरिष्ठ मार्क्सवादी सौन्दर्य चिन्तक चैतन्यले ब्राह्मणवादको विरोधको नाममा जातिवाद मौलाउनु गलत हो भनेका छन् । प्राज्ञ सभालाई सम्बोधन गर्दै चैतन्यले भने, "हिन्दू धर्मको विरोधको नाममा क्रिश्चियन धर्मको प्रचार तथा विस्तार हुनु, ब्राह्मणवादको विरोधको नाममा जातिवाद मौलाउनु गलत हो ।"

इच्छुक प्रतिष्ठानका संरक्षक तथा सभाका प्रमुख अतिथि चैतन्यले सभालाई सम्बोधन गर्दै नेपालको सांस्कृतिक रूपान्तरण क्रान्तिमा नै आधारित हुने भएकाले क्रान्तिको पेचिलो प्रकृयासँगै सांस्कृतिक रूपान्तरणको आन्दोलन पनि विकसित हुने... बाँकी ८ पेजमा

# 'देशभक्त जनगणतान्त्रिक मोर्चा' क्रान्तिको प्रमुख साधन : किरण

◆ **वर्गदृष्टि संवाददाता**

*काठमाडौं ।*

नेकपा (क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन वैद्य किरणले देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाली क्रान्तिलाई पूर्णता दिने सबैभन्दा महत्वपूर्ण साधन भएको बताएका छन् । क्रान्तिका मुख्य तीन जादुगरी हतियारमध्ये देशभक्त जनगणतान्त्रिक मोर्चा एक भएको भनाई थियो ।

मोर्चाको पहिलो राष्ट्रिय भेलाको आइतबार राजधानीमा उद्घाटन गर्दै अध्यक्ष किरणले नेपाली क्रान्तिमा रहेका अवसरवादी तत्वहरु पार्टीबाट बाहिरिएको उल्लेख गर्दै नेपाली क्रान्तिलाई पूर्णता दिन बाँकी रहेको पार्टीपंक्तिले इमान्दारितापूर्वक पहल लिन आवश्यक रहेको कुरामा जोड दिए । रुसी क्रान्तिमा काउत्स्कीलगायतका नेताहरुले क्रान्तिलाई छाडेर संसदवादमा फँसेको उदाहरण दिँदै उनले नेपालमा पनि प्रचण्डसहितका नेताहरु क्रान्तिलाई छाडेर प्रतिक्रान्तिकारी कित्तामा उभिएको उल्लेख गरे । नेपालमा क्रान्ति पूर्णताको




दिशातिर गइरहेका बेला पार्टीको ठूलो पंक्ति पलायन भएको उल्लेख गर्दै उनले यसले नेपालको क्रान्तिलाई पनि २०४७/०४८ सालतिर फर्काएको उनको भनाई थियो । नेपालमा जारी भएको प्रतिक्रियावादी संविधानलाई समेत कार्यान्वयन हुन नदिनका लागि देशी विदेशी षड्यन्त्र अहिले नै छर्लङ्ग रुपमा देखिएको उल्लेख गर्दै उनले यो संविधान लागु हुन नसक्ने उल्लेख गरे । उनले संविधान संशोधन गर्नका लागि संसदको दोस्रो ठूलो दल नेकपा एमालेलाई फुटाउन पनि देशी विदेशी



फोटो : जय दाहाल

शक्ति लागिपरेको उनको भनाई थियो । अहिलेको संविधानमा संघीयता, धर्मनिरपेक्षता, समावेशीता जस्ता शब्द समावेश हुनु आंशिक सकारात्मक भएपनि यसको सारतत्वमा पुरानो संविधानभन्दा खासै फरक नरहेको उल्लेख गरे । उनले अहिलेको सन्दर्भमा नेपालको क्रान्तिलाई पूर्णता दिनका लागि सबै वर्ग, जाति क्षेत्र, लिंग र वर्गका जनतालाई समावेश गरेर क्रान्तिको मुख्य साधनको रुपमा मोर्चा अघि बढ्ने कुरामा विश्वास व्यक्त गरे ।

इतिहास दोहोरिदैन ... बाँकी ८ पेजमा

## क्रान्तिकारी माओवादीले देशैभर विरोध प्रदर्शन गर्दै भन्यो

# 'राष्ट्रघाती माथिल्लो कर्णाली सम्झौता- खारेज गर !'

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं



फोटो : जय दाहाल

नेकपा (क्रान्तिकारी माओवादी)ले माथिल्लो कर्णाली सम्झौताको खारेजीको माग गर्दै २४ भदौंमा देशैभर विरोध प्रदर्शन गरेको छ । पार्टीको पूर्व घोषित योजना अनुसार पार्टीको नेवा राज्यलगायत देशका सबै जिल्लाहरुमा विरोध प्रदर्शनहरु भएका छन् । क्रान्तिकारी माओवादीको नेवा राज्यले दिउसो ३ :३० मा रत्नपार्कको शान्तिबाटिकाबाट निकालेको र्‍याली पुरानो बसपार्क, भद्रकाली, सुन्धारा, न्यूरोड हुँदै भोटाहिटी चोकमा पुगेर कोणसभामा परिणत भएको थियो । र्‍यालीमा क्रान्तिकारी माओवादीका नेताहरु परि थापा, हरिभक्त कँडेल, रामसिंह श्रीस, दिनेश शर्मालगायत नेताहरुको समेत उपस्थिति रहेको थियो ।

कोणसभालाई नेता परि थापाले सम्बोधन गरेका थिए । सम्बोधन गर्दै उनले १८१६ देखि सुरु भएको राष्ट्रघाती सम्झौताको श्रृंखलामा नै भारतीय कम्पनी जिएमआरसँग गरिएको माथिल्लो कर्णाली जलविद्युत परियोजना सम्झौता गरिएको हो, यो सम्झौता नेपाल र नेपाली जनताको हितमा छैन । यसको अविलम्ब खारेज हुनुपर्दछ । र, विश्वकै सस्तो परियोजनामध्ये एक भएकोले यो परियोजना नेपालीहरु आफैले बनाउनु पर्ने बताए । उनले भने, "४१८० मेगावाट उत्पादन क्षमता भएको यस परियोजनालाई कमिसनको खेलमा ९०० मेगावाट मात्र उत्पादन गर्ने गरी भारतीय कम्पनीलाई दिएको यो परियोजना तत्काल खारेज गरिनु पर्दछ । त्यसका निम्ति स्थानीय जनताको दबाब अझ बढाउन आवश्यक । यो यस्तो आयोजना हो, जसले चीनको थ्री ... बाँकी ७ पेजमा

# 'प्रभू'हरुलाई खुशी पार्न प्रम प्रचण्डका अनेक नौटंकी

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'ले दिल्लीका प्रभूहरुलाई खुशी पार्न अनेक नौटंकी गर्न थालेका छन् । भदौं ३० बाट हुने भ्रमण नजिकिदै गर्दा उनले २५ भदौमा राजधानीमा आयोजिक एक कार्यक्रममा भने, 'जोखिम मोल्न दिनुपर्छ, जोखिम नबोली देश बन्दैन ।' अर्को एउटा कार्यक्रममा उनले भनेका थिए, 'हातखुट्टा बाँधेर भारत भ्रमणमा जान्नँ ।' फेरि उनले २६ भदौमा भारतीय एक पत्रिकालाई हिन्दी भाषामा अन्तर्वार्ता दिंदै भनेका छन्, 'मेरो र मोदीको केमेस्ट्री मिल्छ । म र मोदी दुवै रिस्क मोल्न सक्छौं ।' एउटा शृङ्खलामा आएका देशका कार्यकारी प्रमुखको यस्तो भनाइ निकै गम्भीर प्रकृतिका छन् । प्रचण्ड भनाइको आशय- काठमाडौं-निजगढ फास्ट्र्याक मात्रै होइन, उनले भारतले जे जे माग्छ ती सबै दिन उनी तयार छन् ।

भारतको हिन्दुस्तान पत्रिकालाई हिन्दी भाषामा दिएको अन्तर्वार्तामा प्रचण्ड भन्छन्, 'मोदीजी र मेरो सोच्ने तरिका र केमेष्ट्रीमा धेरै समानता छन् । मोदीप्रति मेरो र नेपाली जनताको भरोसा छ ।' दलालीको पनि हद हुन्छ नि ! उही मोदीले लगाएको नाकाबन्दीको मारमा नेपालका कति जस्ताले के कस्ता सास्ती भोग्नु पर्‍यो, यति छिटै बिर्सन सक्छन्, नेपाली जनताले ? अनि नेपाली जनताले भरोसा गर्न सक्छन् मोदीमाथि ?


**के का लागि हो रिस्क मोल्ने ?**

'नेतालाई नेतृत्व गर्न दिनुपर्छ । बढी दबाव दिने होइन । ऐतिहासक काम गर्नका लागि नेताले केही रिस्क त लिनुपर्छ ।' प्रम प्रचण्डले भनेका छन् । रिस्क लिएर प्रम प्रचण्डले भारतसँग कस्तो सम्झौता गर्न खोजेका हुन् ? त्यो कुरा राष्ट्र र जनताको बीचमा स्पष्ट पार्न जरुरी छ । एउटा राष्ट्रले ... बाँकी ८ पेजमा

# देशभक्त जनगणतान्त्रिक मोर्चा गठनबारे

ने.क.पा. (क्रान्तिकारी माओवादी) ले निर्माण गरेको क्रान्तिकारी "देशभक्त जन गणतान्त्रिक मोर्चा, नेपाल" को भेला भदौ २६-२८ गते काठमाडौंमा सम्पन्न हुँदैछ । यो भेलामा देशभरिका नेता, कार्यकर्ताहरु भेला हुँदैछन् । पार्टीले मोर्चा निर्माण गरेर भेला किन गर्न खोजेको हो ? यसवारे राजनीतिक वृत्तमा निकै चासो र जिज्ञासा रहेकोछ र त्यो स्वभाविकै पनि हो । संयुक्त मोर्चाको भेला पछि जुन कार्यक्रम र विधान सार्वजनिक हुनेछन्, त्यसले वास्तवमै नेपालको राजनीतिमा यसको स्थान र महत्वको छुट्टै अर्थ राख्नेछ ।

ने.क.पा. (क्रान्तिकारी माओवादी)को ऐतिहासिक राष्ट्रिय भेला २०७३ असाढ ६-८ गते काठमाडौंमा सम्पन्न भएको थियो । सो भेलाले "पार्टीको नेतृत्वमा विभिन्न जनवर्गलाई समेटी संयुक्त मोर्चा समिति बनाउने" निर्देश गरे अनुसार २०७३ साउन १६-१९ गते काडमाण्डौंमा बसेको पार्टीको केन्द्रीय समितिको बैठकले क. सी.पी. गजुरेलको नेतृत्वमा संयुक्त मोर्चा समिति बनाउने र छिट्टै सो मोर्चाको राष्ट्रिय भेला आयोजना गर्ने ठेगानगरे अनुसार नै यो भेला हुन गईरहेको छ । पार्टीको नेतृत्वमा मोर्चा संचालित हुनेछ र यो सामन्तवाद, साम्राज्यवाद विरोधी स्वरुपको हुनेछ ।



सीताराम तामाङ

**किन आवश्यक पर्‍यो मोर्चा ?**

२०४६ को ऐतिहासिक जनआन्दोलनको बलमा ३० बर्षे पञ्चायतको नाममा चलाइएको राजाको निरंकुस शासन खत्तम भई पुँजीवादी संसदीय शासन पद्दति लागु भयो । जनतालाई सीमितमात्रमा भए पनि संगठन गर्ने, विरोध सभा गर्ने, बोल्ने र लेख्ने स्वतन्त्रता उपभोग गर्ने मौंका मिल्यो । तर राज्ययन्त्र पहिलेकै कायम थियो, पञ्चायती शासन अन्तरगत जुन परिपाटी थियो, त्यही परीपाटी चलेको थियो र वास्तविक राज्यसत्ता सामन्त र दलाल-नोकरशाही पुँजीपति वर्गको हातमा थियो । पञ्चायती शासनको ठाउमा कथित बहुदलीय प्रजातन्त्रले १२ वर्ष जती खायो । सरकारमा बसेका नेपाली काग्रेस र एमालेले जनता र मुलुकको समस्याहल गर्नुतर्फ ठोश पाइला चाल्नुको सट्टा आ-आफ्नो संकीर्ण गुट-स्वार्थ र पदलोलुपता-पूर्ती गर्न शक्तिको पुरै दुरुपयोग गरे । नातावाद, कृपावाद, भ्रष्टचार, अराजकता, स्वेच्छाचारिता, आदि व्यापक रुपमा बढ्यो; महगी, बेरोजगारी, आदिको बृद्धिले जनजीवन कस्टकर रह्यो; सीमित मानिसहरु धनी भए भने आम गरिबीकरण तीव्र भयो । अर्कोतिर राष्ट्रिय स्वाधीनतामाथिको खतरा झन्झन् गम्भीर बन्यो ।

सात राजनीतिक दल र ने.क.पा.(माओवादी)का बीच १२ बुँदे सहमतिमा भएको २०६२/६३ को ऐतिहासिक जनआन्दोलनको बलमा राजतन्त्र उखेलियो, मुलुक धर्मनिरपेक्ष भनियो र संघीय राज्य पुनर्संरचना गर्ने कुरा अन्तरिम संविधानमा राखियो । २०६५ मा संविधानसभाको निर्वाचन समेत भयो । तर त्यसले अग्रगामी त के यथास्थिति र प्रतिगामी शक्तिहरुको दवापमा संविधान नै निमार्ण गर्न सकेन । कथित संविधानसभा दुईको निवाचन मञ्चनगरी विदेशीको निर्देशनमा यथास्थिति र प्रतिगामी शक्तिहरुको दुईतिहाई बहुमतले बनाएको संविधानमा (२०७२) उल्लेखित गणतन्त्र, धर्मनिरपेक्ष, संघीयता, आदि कुराहरु मात्रामा सकारात्मक भए पनि समग्रता र सारमा यो संविधान प्रतिक्रियावादी छ । आज पनि देशमा दलाल-नोकरशाही पुँजीपती र सामन्त वर्गीय प्रतिक्रियावादी राज्यसत्ता कायमै छ । नेपाली काग्रेस, एमाले र माओवादी केन्द्रले गरेको शासनबाट मुलुक र जनताको राष्ट्रियता, जनतन्त्र र जनजीविकाको आधारभूत समस्यालाई सम्बोधन हुनुको सट्टा संकीर्ण गुटस्वार्थ र पदलोलुपता-पूर्तीको लागि शक्तिको पुरै दुरुपयोग भएको छ । नातावाद, कृपावाद, भ्रष्टचार, अराजकता, आदि व्यापक भएको छ । महंगी र बेरोजगारीले जनजीवनको ढाड सेकेको छ र राष्ट्रिय स्वाधीनतामाथिको खतरा झन् गम्भीर हुँदैछ । उपरोत्त अनुभवहरुले के स्पस्ट गरेको छ भने अर्ध-सामन्ती तथा अर्ध/नव-उपनिवेशिक अवस्थामा रहेको हाम्रो मुलुकमा वर्तमान व्यवस्थाअन्तर्गत राष्ट्रियता, जनतन्त्र र जनजीविकाको आधारभूत समस्याहरुको समाधान कदापी हुन सक्तैन ।

मुलुक र जनताका उपरोक्त समस्याहरुको समाधान हेतु व्यापक र सशक्त जनसंघर्षको निर्माण र विकास आवश्यक छ । आफ्नो मुक्ति र मुलुकको स्वाधीनताको ... बाँकी ७ पेजमा

## सम्पादकीय

### 'देशभक्त जनगणतान्त्रिक मोर्चा'लाई शुभकामना !

नेकपा (क्रान्तिकारी माओवादी)ले बनाउन लागेको संयुक्त मोर्चा समिति, जसको नाम 'देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल' राखिएको छ, को प्रथम राष्ट्रिय भेला सम्पन्न भएको छ । केही समयदेखि चर्चामा रहेको यो संयुक्त मोर्चाले अब मूर्त रुप ग्रहण गरेको छ । मालेमावादलाई आफ्नो पथप्रदर्शक सिद्धान्त मान्ने क्रान्तिकारी माओवादीले संयुक्त मोर्चालाई क्रान्तिका तीन जादुगरी हतियारमध्ये एकको रुपमा व्याख्या गर्दै आएको छ । यसर्थमा पनि यो मोर्चालाई पार्टीभित्र र बाहिरबाट विशेष महत्वका साथ हेरिएको छ ।

क्रान्तिकारी माओवादी इतर राजनीतिक पार्टी तथा व्यक्तिहरुले क्रान्तिकारी माओवादीले चुनावमा भाग लिने उद्देश्यसहित यो मोर्चा बनाउन लागेको भनेर आरोपित गरेको पाइन्छ । तर क्रान्तिकारी माओवादीले भने यसलाई क्रान्ति वा संघर्षको साधनको रुपमा परिभाषित गर्दै आएको छ । चुनावमा भाग लिने वा नलिने भन्ने कुरा कार्यनीतिक विषय भएकोले यो तात्कालिक परिस्थितिमा भर पर्ने क्रान्तिकारी माओवादीका नेताहरुले बताउँदै आएका छन् । संयुक्त मोर्चा निर्माण सँगै क्रान्तिकारी माओवादी अब नेपालको वैकल्पिक राजनीतिक हैसियतसहित अगाडि आउनसक्ने धेरैले अनुमान गरेका छन् ।

यतिखेर मुलुकमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाको स्थिति जर्जर बनेर गएको छ । बढ्दो महंगी, बेरोजगारी, भ्रष्टाचार, अनियमितता, कालोबजारीले आम नागरिकको जीवन निकै कष्टकर बनाइदिएको छ । मुलुकमा बनेको एक थान संविधानमा आम शोषित-उत्पीडित जनताले अपनत्वबोध गर्न सकेका छैनन् । संविधान जनताको होइन, नोकरशाही पुँजीपति दलाल शक्तिको स्वार्थ रक्षा गर्ने साधन मात्र बनेको छ । राजनीतिक पार्टी, कर्मचारी प्रशासन, नागरिक समाज, संचार जगत, बुद्धिजीविदेखि विध्यार्थीवर्गसम्मको तीव्र दलालीकरणले नेपालको सार्वभौमसत्ता नै जोखिममा पर्दै गएको जो कसैले अनुभूति गर्न सक्ने अवस्था सिर्जना भएको छ । देशलाई ने बन्दकी राखेर निहीत स्वार्थपूर्ति गर्ने बाटोमा हिडेका शासकहरुका अगाडि जनताले निरीह बनेर उनीहरुको तमसा हेरिरहनु परेको छ । वर्तमान राज्यव्यवस्थाप्रति जनतामा यति धेरै घृणा छ कि उनीहरुको आवाज बुलन्द गर्न सक्ने स्थापित पार्टी र नेतृत्व अगाडि आउने हो भने व्यवस्था बदल्न समय नलाग्ने स्थिति विद्यमान छ । त्यसका लागि अहिले आवश्यक परेको छ, आत्मगत शक्तिले समृद्ध बनेको एउटा जुझारु क्रान्तिकारी शक्ति(पार्टी)को । वस्तुगत रुपले खड्किएको यो आवश्यकता पूर्ति गर्नसक्ने ल्याकतका साथ अगाडि आउन सकोस्- देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल ।

देशको भविष्य भनेका युवाहरु हुन् । ५० देखि ७० लाख युवा विदेशी भूमिमा कष्टसाध्य जीवन बाँचीरहेका छन् । उनीहरुले मरुभूमिका बगाएको पसिनामा टिकेको यहाँको राज्यव्यवस्थाले नेपाली युवाहरुको त्यो पसिनाको मूल्यबोध गर्न सकेको छैन । बरु त्यसमाथि रजाइँ गरिरहेको छ । स्थिति यति पीडादायी बनेको छ कि संसदीय व्यवस्था बदल्न भनेर हिजो दशवर्षे जनयुद्धमा होमिएका, ठूल्ठूला मोर्चाहरुमा 'एसल्ट' रहेर लडेका योद्धाहरु( महिला योद्धाहरु) आज पेट पाल्नका लागि शरीर बेच्नुपर्ने अवस्थामा समेत पुगेका छन् । जनयुद्ध लडेका जनयोद्धाहरु आज त्यही पेट पाल्न विदेशीको लात र वात सहदै नब्बे डिग्रीको तापक्रममा पनि काम गर्न वाध्य छन् । विगत जनयुद्धको आयाम निकै ठूलो छ । ती आयाम, आक्रोस, आवेग, पीडालाई पकड्दै साँच्चै एउटा क्रान्तिकारी क्षितिज तयार पार्न सम्भव छ । त्यो क्षितिजमा क्रान्तिको रातो झण्डा गाड्ने यात्रामा साहसका साथ अघि लम्कन सकोस्- देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल ।

नेपालीहरुको स्वाभिमानमाथि बुट बजार्ने भारतीय विस्तारवादले आफ्ना दलालहरुमार्फत् यहाँ नाङ्गो नाच नाचिरहेको छ । दलाल शासकहरु खुल्लेआम राष्ट्रघात गर्न पाउनुपर्ने जिकिर गर्दै हिड्न थालेका छन् । ती दलालहरुका विरुद्ध साँच्चै विद्रोहको राँको बाल्नसक्ने जनतागत चाहिएको यतिबेला । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सबै क्षेत्रका समस्याहरुलाई समाधान दिने वैकल्पिक शक्तिको खाँचो यतिवेला । त्यसदिशामा निकै खरो बनेर उत्रन सकोस्- देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल । यही छ शुभकामना ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निश्पक्ष खबर तथा
विचारका लागि सँधै हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# के क्रान्तिभित्र क्रान्ति विरोधीहरु हुन्छन् ?



हुकुमहादुर सिंह

विश्व कम्युनिष्ट आन्दोलनले के सिकाएको छ भने समाजवादी समाजमा सबैभन्दा महत्वपूर्ण टक्कर आफ्नै पार्टीभित्रका नयाँ पुँजीवादीपन्थीहरु (बुर्जुवाजी) का इच्छाहरुको प्रतिनिधित्व गर्ने नीतिहरु र विचारहरु प्रोत्साहन गर्नेहरुका बीचमा र सर्वहारावर्गका, श्रमिकवर्गका प्रतिनिधिहरु जसले विश्वभरका जनताबीचका सबै सम्बन्धहरुलाई क्रान्तिकारीकरण नगरीकन आफैलाई स्वतन्त्र गराउन सकिदैन् भन्नेका बिचमा हुन्छ ।

के क्रान्तिभित्र क्रान्ति विरोधीहरु हुन्छन् ? यो एउटा गम्भीर प्रश्न हो । र, यस्को उत्तर वर्तमान विश्व कम्युनिष्ट आन्दोलन र नेपालको कम्युनिष्ट आन्दोलनमा स्पष्टसित बाहिर आएको छ । क्रान्ति र त्यो पनि सर्वहारावर्गीय क्रान्तिका कुरा गर्दा मार्क्स, ऐगेल्स, लेनिन, स्तालिन र माओ क्रान्तिको चम्किलो शिखर चुम्न सफल नेताहरु हो । कार्ल मार्क्सले भन्नुभएको छ "विज्ञानमा राजसी बाटो हुँदैन् ।" मार्क्सवाद एउटा विज्ञान हो, त्यसैले साँचो अर्थमा मार्क्सवादी हुनु भनेको पनि राजसी बाटोमा लाग्न खोजेर सम्भव छैन । त्यसमा अझ जोड दिँदै उहाँले भन्नुभएको छ, "र, तिनीहरूका लागि मात्रै चम्किलो शिखरमा चुम्न सम्भव छ, जसले नथाकिकन यसको ठाडो उकालो चढ्ने कामदेखि डराउदैनन् ।" यसलाई अझ व्याख्या गर्दै जाँदा र सरल भाषामा उहाँले भन्नुभएको छ, "सर्वहारा वर्गका क्रान्तिकारी नेताहरू जसले उहाँहरूको सम्पूर्ण जीवन मार्क्सवादी सिद्धान्तको स्थापना र विकासका लागि खर्च गनु भयो । उहाँहरूको चम्किलो तथा गौरवमय उदाहरणको अनुसरण गरेर साम्यवादलाई विश्वव्यापी रूपमा प्राप्त गर्न सकिन्छ ।"

मार्क्सका यी उल्लेखित विज्ञानसम्मत भनाइहरूले के संकेत गर्छ भने सर्वहारा वर्गको क्रान्तिकारी नेता बन्नका लागि दुई चार वर्षको या केही दशकको त्याग, तपस्या वा वलिदान मात्रै काफी छैन । सर्वहारा वर्गको क्रान्तिकारी नेता बन्न प्रथम मार्क्सवादी सैद्धान्तिक हतियारको अध्ययन र त्यसमा विशेषज्ञता प्राप्त गर्नैपर्छ । द्वितीय मार्क्स, लेनिन र माओद्वारा गरिएका कार्यहरूको चम्किलो तथा गौरवमय उदाहरणको अनुसरण गर्ने कम्युनिष्टहरु गर्दछौ तर स्वयम् श्रमजीवि वर्ग कम्युनिष्ट पार्टीभित्रै त्यसबारे बेखबर बन्दै जान्छ । यस्तो पार्टीले र त्यसका नेताले क्रान्तिका कुरा गर्नु मार्क्सवादप्रति, सर्वहारावर्गप्रति र सर्वहारावर्गीय क्रान्तिप्रति विश्वासघात नै हो । जब सर्वहारावर्गीय क्रान्तिप्रति विश्वासघात हुन थाल्दछ, अनि श्रमजीवी वर्ग जब कम्युनिष्ट पार्टीभित्रै वेखबर बन्दै जान्छ, यस्तो गैर सर्वहारावर्गीय चिन्तन र प्रवृत्ति भएका नेताहरू सत्ता र सरकारमा जानु वा नजानुमा श्रमजीवी वर्ग र किसानहरूका लागि खासै फरक अनुभूति रहँदैन । श्रमजीवि वर्ग समाजको मालिक बन्ने कुरा उनीहरूका लागि भाषणमा मात्रै सीमित बन्न थाल्छ । उनीहरू सत्ता वा सरकारमा गए तापनि श्रमजीवी वर्ग आफ्नो मातहतको प्रशासनिक सत्ताका सबै(सम्भव भए जति पनि) तहमा उनीहरूलाई भर्ना गर्ने र देशको भविश्य कता लैजाने भन्ने निर्णय गर्नेबारे, अध्यन गर्दा, बहस र छलफलगर्दा महत्व दिने गरिदैन । किसानहरू झनुझनु गरीब बन्दै जाने, अपहेलित बन्दै जाने, करको भारीले दबाइनु र भएको जग्गा जमिन पनि हडपिदै जानु । शहरको विकासमा गाउँ वस्तिका स्रोत साधनको अपहरण हुँदै जानु । मध्यमवर्ग कमजोर बन्दै जानु, अर्थपूर्ण जीवनबाट बेदखल बन्दै जानु । पार्टीभित्र र बाहिरका फोहोरी धनीहरू रमाउदै जानु यस्तो सरकारको लक्षण हुन जान्छ ।

१९७६ मा माओको मृत्युपछि जब चीनमा प्रतिक्रान्ति भयो र सर्वहारा साँस्कृतिक क्रान्तिका नेता तथा समर्थकहरूमाथि दमन हुन थाल्यो, अनि चिनियाँ क्रान्तिकारीहरूले उहाँहरूको अन्तिम लडाईंका आव्हान गर्नुभयो । यो आव्हानद्वारा उहाँले चीनलाई पुँजीवादी बाटोतर्फ लैजान कोशिस गरिरहेका ती पार्टी नेताहरूको आलोचना गर्दै र तिनलाई सत्ताच्युत गर्दै, समाजवादी नयाँ कार्यहरूको निर्माण गर्ने पहलकदमी लिन चाहानु हुन्थ्यो । किनभने माओका लागि चिनियाँ समाजलाई क्रान्तिकारी दिशामा अगाडि बढाउनु थियो । यसका लागि माओले मार्क्सवादको गहिरो अध्यन गर्न र त्यसलाई गहिरो गरि बुझ्न आम पार्टी पङ्क्तिलाई आव्हान गर्नुभएको थियो ताकि मार्क्सवाद र संशोधनवादबीचको भिन्नताबारे उनीहरूले राम्ररी बुझ्न सकून् र समाज सञ्चालनमा महत्वपूर्ण भूमिका खेल्न कैयौ संख्यामा जनतालाई लगाउन सकियोस् ।

त्यसका लागि माओले "क्रान्तिभित्र क्रान्ति"भन्ने विश्व कम्युनिष्ट आन्दोलनमा त्योभन्दा अघि कहिल्यै नसोचिएको अभियानको सञ्चालन गर्नु पर्‍यो । जब पार्टी एउटा अत्यन्त जोखिमपूर्ण अवस्थामा थियो र यसका केही नेताहरूलाई सत्ताच्युत गर्नु थियो, सर्वहारा क्रान्तिको कठिन संघर्षहरूलाई मार्गनिर्देशन गरिनुपर्ने खाँचो थियो र संश्लेषणको आवश्यकता थियो र यसकै दौरानमा पार्टीलाई पुनर्निमाणको आवश्यकता थियो, अथवा यसो नगरेमा पुँजीवादी बाटोमा लागेकाहरूको यात्रालाई रोकन सकिने अवस्था थिएन । त्यसका लागि माओका अगाडि "चौतर्फीरुपमा र तलैबाट सत्ता खोस्ने" अभियानलाई तेज पार्नुको विकल्प थिएन ।

विश्व कम्युनिष्ट आन्दोलनले के सिकाएको छ भने समाजवादी समाजमा सबैभन्दा महत्वपूर्ण टक्कर आफ्नै पार्टीभित्रका नयाँ पुँजीवादीपन्थीहरु(



कोशिस गर्नैपर्छ । त्यसैले कुनै मानव निर्मित हतियारभन्दा ठूलो हतियार भनेको मार्क्सवादी सैद्धान्तिक हतियार नै हो । अनि मात्रै मार्क्सले भनेझैं साम्यवादलाई विश्वव्यापी रूपमा प्राप्त गर्न सकिन्छ ।

यो सैद्धान्तिक हतियारभित्र मार्क्स, लेनिन र माओद्वारा गरिएका कार्यहरूको गहन अध्ययन बलियो गरी जोडिएको छ । यहाँ कार्यहरू भन्नाले उहाँहरूले देखाएका व्यवहारलाई पनि संगसँगै अनुसरण गर्नु हो, दैनिक जीवनमा तिनीहरुलाई लागु गर्न कोशिस गर्नु हो । यसका लागि धेरै वाङ्गा टिङ्गा मोडहरू, विजय र हारहरूका बीचबाट अघि बढ्नु आवश्यक छ, जबसम्म विश्वका जनताले फेरि फेरि मानवजातिमा लगायतका जंजीरहरूलाई एक पटक र सदाका लागि ध्वस्त पार्दैनन् ।

त्यसकारण समाजवादी देश निर्माणको अभियानमा लागेका कम्युनिष्टहरू, जहाँ सबै निर्णयहरूका लागि आधार "जनताको सेवा गर" भन्ने मानिन्छ तर तिनै कम्युनिष्टहरू जब "धनी बन्नु गौरवको विषय" भन्ने तर्फ आकर्षित हुन थाल्दछन्, अनि कम्युनिष्ट पार्टीभित्र पुँजीवादी पन्थीहरूको बोलवाला नभए र के हुन्छ त ? जब एउटा कम्युनिष्ट पार्टीभित्र पुँजीवादी पन्थीहरूको बोलवाला बढदै जान्छ अनि व्यक्तिगत सुख सुविधा, मोजमस्ति, विलासिताको जीवन, पद, पैसा र व्यक्तिगत प्रतिष्ठाको लागि मरिहत्ते गर्ने प्रवृत्ति बढ्न थाल्नुमा कुनै अचम्म मान्ने पर्दैन । किनभने, जसरी पनि सरकारमा जानु, पैसा कमाउनु, धनी बन्नु उनीहरूका लागि गौरवको विषय बन्न जान्छ अनि जनताको सेवा गर भन्ने उनीहरूको लागि असान्दर्भिक विषय बन्न जान्छ । र, श्रमजीवि वर्ग, जसको सैद्धान्तिक नेतृत्व स्वीकार गर्ने कुरा हामी दौरानमा भन्नुभएको थियो, "अहिले आफूलाई कम्युनिष्ट भनेहरूले 'साँस्कृतिक क्रान्तिका ज्यादतीहरू' भन्ने गर्दछन् । तर अहिले चीनमा जे जसरी पुँजीवादको विकास भइरहेको छ, त्यसले के सिद्ध गर्दछ भने कम्युनिष्ट पार्टीभित्रका पुँजीवादी पन्थीहरूको जोड जे जसरी हुन्छ, समाजवादको अन्त्य गरी पुँजीवादको स्थापना थियो जसका लागि 'साँस्कृतिक क्रान्ति एउटा बाधक बनेर आएको थियो ।' जसरी चिनियाँ क्रान्तिकारीहरूले उहाँहरूको अन्तिम लडाईंका दौरानमा भन्नुभएको थियो, जो अहिले चीनमा सावित भएको छ । त्यसैगरी नेपालका कम्युनिष्टहरूमध्ये केहीले शान्ति र संविधानलाई नेपालको जनवादी क्रान्तिका आधारभूमि तयार गर्नका लागि एउटा जादुगरी हतियार भनेर अहिले भनि रहेका छन्, त्यसका पछाडिको वास्तविकता के हो भन्ने पत्ता पाउन नेपाली जनताले पनि चीनमा जस्तै लामो समयको प्रतीक्षा गर्ने पर्दैन । र, मुखले उनीहरूले क्रान्ति क्रान्ति त भन्दै छन् र सारमा उनीहरूका लागि क्रान्ति अब धेरै टाडाको विषय बन्दै गएको छ ।

माओले सांस्कृतिक क्रान्ति सुरू गर्दा प्रष्ट देख्नु भएको थियो कि सोभियत संघ र चीनमा पनि कम्युनिष्ट पार्टीभित्र नयाँ पुँजीपति वर्गको उदय भइरहेको थियो । तिनीहरूका लागि, अब उनीहरू शक्ति र सत्तामा थिए, क्रान्ति अब धेरै टाडाको विषय बन्दै गएको थियो । पार्टीभित्रका यिनै भावी अधिपति तथा सामन्तबाट क्रान्ति अगाडि बढ्न सकिरहेको छैन भन्नेमा माओ विश्वस्त हुनुहुन्थ्यो । त्यसकारण माओले पार्टीका माथिल्लो नेतृत्वका विरूद्ध पार्टी सदस्यहरू र जनतालाई "हेडक्वार्टरमाथि बमवार्ड गर" भनेर बुर्जुवाजी)का इच्छाहरूको प्रतिनिधित्व गर्ने नीतिहरू र विचारहरू प्रोत्साहन गर्नेहरूका बीचमा र सर्वहारावर्गका, श्रमिकवर्गका प्रतिनिधिहरू जसले विश्वभरका जनताबीचका सबै सम्बन्धहरूलाई क्रान्तिकारीकरण नगरीकन आफैलाई स्वतन्त्र गराउन सकिदैन् भन्नेका बिचमा हुन्छ । यो पार्टीभित्रका दुई राजनीतिक र वैचारिक लाइनहरूबीच, दुई आपसमा टक्करभइरहेका विश्वदृष्टिकोण र लक्ष्यहरू, रणनीतिहरू र नीतिहरू जसले समाजलाई विपरीत दिशातिर लैजान्छ । परिणाम पार्टी स्वयम् आन्तरिक संघर्षमा केन्द्रीत बन्न जान्छ ।

माओले आफ्नो मृत्युभन्दा केही समय अगाडि भनेका निम्न भनाइहरू नेपालको वर्तमान माओवादी आन्दोलनका सन्दर्भमा पनि सान्दर्भिक छन्, जसमा उहाँले भन्नुभएको थियो, "तिमीले समाजवादी क्रान्ति गरिरहेका छौ र तै पनि तिमीलाई थाहा छैन पुँजीवादीपन्थीहरु(बुर्जुवाजी) कहाँ छन् ? यी कम्युनिष्ट पार्टीभित्रै छन्, र ती अहिले सत्तामा छन्, जसले पुँजीवादी बाटो लिइरहेका छन् । नेपालको सन्दर्भमा पनि माओवादी जनयुद्धलाई पराजित गराइएको छ र यसको नेतृत्व पनि माओले भनेझैं अहिले सत्तामा जो छन् तिनैबाट भएको छ र जसले पुँजीवादी बाटो लिइरहेका छन्, तिनैद्वारा माओवादी जनयुद्धलाई पराजित गराइएको छ । ढिलो चाडो यो स्पष्ट बन्ने छ कि आखिरमा जे जसरी भएपनि सरकारमा जान चाहनेहरु र सत्तामा बसेकाहरूले क्रान्तिका कुरा जति गरे पनि कालान्तरमा क्रान्ति विरोधी ठहर्ने छन् ।

hukumsingh2012@yahoo.com

# ‘संसदीय व्यवस्थाको भ्रममा नपरौं, नयाँ जनवादी क्रान्तिको तयारी गरौं !’



चन्द्रहरि सुवेदी ‘अटल’

***पार्टीबाट बादल गुटसँगै क्रान्तिकारी युवा लिगको नेतृत्व पनि पार्टी र क्रान्तिबाट पलायन भएपछि आफ्नो संयोजकत्वमा बनेको क्रान्तिकारी युवा लिगको दोस्रो राष्ट्रिय भेला भव्य रुपमा सम्पन्न गराउदै युवाहरुलाई नेतृत्व हस्तान्तरण गर्नुभयो । कस्तो अनुभूति गर्नुभएको छ ?***

राम्रो प्रश्न गर्नुभयो । एउटा सन्दर्भमा लेनिनले भन्नुभएको थियो, “पार्टी र वर्गभन्दा कोही माथि हुँदैन” । पार्टी, क्रान्ति र वर्गलाई चुनौती दिंदै युवा हेर्ने पार्टीका फ्र्याक्शन इन्चार्ज विप्लव र सोनाम, युवाका संयोजक दीपक र विवेकहरुले डेढ वर्षको अन्तरालमा दुईपटक युवा मोर्चालाई फुटाएपछि एउटा खाली ठाउँ सिर्जना भयो । पार्टी र नेतृत्वले विश्वास गरेर ०४२ सालमा नै अखिल नेपाल युवक संघको केन्द्रमा बसेर काम गरेको अनुभवलाई समेत ख्याल गरेर हाम्रो पार्टीको पुरानो बानेश्वरमा सम्पन्न भएको राष्ट्रिय भेला लगत्तै बसेको बैठकले हाम्रो नेतृत्वमा एउटा आयोजक समिति बनाएर राष्ट्रिय भेला गरेर युवाको नीति, नेतृत्व र कार्यक्रमलाई निरन्तर अगाडि बढाउने गरी २०७३ असार ९ गते अध्यक्ष क.किरण र पार्टीले जिम्मा दियो । त्यो अवसर र चुनौतीलाई स्वीकार्दै सम्पूर्ण पार्टीको साथमा लगातार ६८ दिन खटेर भदौ १४ र १५ गते भव्य रुपमा दोस्रो राष्ट्रिय भेला सम्पन्न गरी नेपालको युवा नीतिलाई समेत ख्याल गरेर १६ वर्षदेखि ४० वर्षभित्रका नयाँ र भर्भराउँदा युवाहरुलाई नेतृत्व हस्तान्तरण गर्न पाउँदा हर्ष र आनन्दानुभूति र हलुका महशुस गरेको छु ।

***क्रान्तिका तीन जादुगरी हतियारको चर्चा हुँदै गर्दा क्रान्तिकारी युवा लिगको भूमिकालाई निकै महत्वका साथ पार्टीभित्र र बाहिरबाट हेरिएको देखिन्छ । नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार पूरा गर्ने सन्दर्भमा क्रान्तिकारी युवा लिगले के कस्तो भूमिका खेल्छ ?***

सामन्तवाद र साम्राज्यवाद विरोधी नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार होइन, सिंगै कार्यभार बाँकी छ । सामन्तवादको नेतृत्व गर्ने राजतन्त्र ढलेपनि मूलतः सामन्ती उत्पादन-सम्बन्ध अझै कायम छ । आफ्नो देशको विकासमा लगाउनुपर्ने मानवशक्तिलाई विदेशीलाई हराभरा गर्न पठाएर कुनैपनि देशले विकास गर्दैन । राजनीतिक अर्थशास्त्रमा एउटाको खल्तीको पैसा अर्काको खल्तीमा जानुलाई उत्पादन मानिंदैन । भन्सार र कर भनेको उत्पादनको आम्दानी होइन । सरकारले कर लगाउँछ व्यापारीले तिर्छन् र उपभोक्ताहरुबाट झन् बढाएर असुल्छन् । त्यसकारण उत्पादनको क्षेत्र कृषि, उद्योग र सेवा क्षेत्र हुन् । अहिले पनि कूल राष्ट्रिय गार्हस्थ उत्पादनमा उद्योगभन्दा कृषि क्षेत्रकै बढी योगदान छ । अर्को भाग भनेको साम्राज्यवाद हो । यो वर्ष हाम्रो व्यापार घाटा बढेर ७ खर्ब भयो । ‘प्रभु’सँग झुक्दिनँ भनेर पहिलो पटक प्रधानमन्त्रीबाट राजीनामा दिएका पुष्पकमल दाहाल राजनीतिक साक्षरले बुझ्नेगरी ‘प्रभु’ अर्थात् भारतीय विस्तारवादको आशिर्वादका प्रधानमन्त्री बने भनेर सबैले भन्दछन् । त्यसैले साम्राज्यवाद हाम्रो सन्दर्भमा भारतीय विस्तारवादको हस्तक्षेप अझ बढेर गएको छ । जहाँसम्म तीन जादुगरी हतियारको कुरा छ, पार्टी, सेना र संयुक्त मोर्चा । हाम्रो पार्टीलाई विसर्जन गराइँदैन । प्रतिक्रियावादी राज्यसत्ता रहुन्जेल यसलाई ह्वाङ्ग पारेर तीनपुस्ते खुलाएर निर्वाचन आयोगमा दर्ता गरिँदैन । क्रान्तिकारी युवा लिग सेना होइन, यो एउटा कम्युनिस्ट उत्पादन गर्ने कारखाना र राजनैतिक संगठन हो । यसले युवा कम्युनिस्ट उत्पादन गर्छ र सेना, असल पार्टीका नेता र मोर्चाका नेता यही क्रान्तिकारी युवा लिगबाटै उत्पादन हुने गर्छ । त्यसकारण यसको महत्व दूरगामी छ ।

***‘क्रान्तिकारी माओवादीमा बुढाहरु मात्रै छन्, युवाहरु छैनन् । भएका युवाहरु विप्लव र बादलले लगे । बुढाहरुबाट क्रान्ति हुँदैन । क्रान्ति त युवाहरुले गर्ने हो, बुढाहरुले गर्दैनन् ।’ भनेर वाम र दक्षिणपन्थी अवसरवादीहरुबाट भइरहेको आक्रमणलाई युवाहरुको यो भेलाले के कस्तो जवाफ दिन सफल भयो ?***

हलमा खचाखच भरिएका देशभरिबाट आएका युवाहरु नै यो प्रश्नको पर्याप्त उत्तर हो जस्तो लाग्छ । कम्युनिस्ट पार्टी तीनमा भएको सिद्धान्त वृद्ध, प्रौढ र युवाको राम्रो समायोजन हो । वाम र दक्षिणपन्थीले आरोप लगाएको जस्तो अवस्था हाम्रो पार्टीको होइन । ४०% युवा भएको देशमा अहिलेसम्म पार्टीमा लागेकाहरुमा पनि हाम्रो राम्रो अवस्था हो भने आगामी दिनमा पनि सही राजनीतिक विचार र सिद्धान्त भएकै पार्टीमा युवाहरु लाग्छन् ।

***पार्टी अध्यक्षले युवाहरुको भेलामा विश्वास गरेका युवाहरुबाट पटक-पटक धोका खाइयो भन्नुभयो । यसरी क्रान्तिकारी ठानिएका युवाहरुले पार्टी, क्रान्ति र नेतृत्वलाई धोका दिनु पछाडिको कारण के देख्नुहुन्छ ?***

मैले सुने र बुझेसम्म अध्यक्षले जनमुक्ति सेनामा काम गरेका युवाहरुले धोका दिए भनेजस्तो लाग्छ । जनमुक्ति सेना भनेको पार्टी र नेता त होइन नि ! यसका अधिकांश डिभिजन कमाण्डर, ब्रिगेड कमाण्डरहरु क्रान्तिकारी विचारमा आएनन्, तलका सदस्यहरुको शोषण गरेर वर्ग उठाए र आफ्नो वर्ग पविर्तन गरेर नयाँ जनवादलाई छोडेर नवसंशोधनवाद, संसदवाद र सुधारवादमा लागे भन्ने सन्दर्भमा भन्नुभएको जस्तो लाग्छ । पूर्व जनमुक्ति सेनामा काम गर्ने तल्लो लेवलका थुप्रै क्रान्तिकारी युवा त क्रान्तिकारी युवा लिगलाई समर्थन गर्ने छँदैछन् । सेना त संयुक्त मोर्चा हो । लडाई लडुन्जेल कांग्रेस, राप्रपा, एमालेका छोराछोरीसमेत भएर जनमुक्ति सेनामा लडे । तिनीहरु सबैलाई प्रशिक्षत गरेर आएका चिनियाँ जनमुक्ति सेनाका कमाण्डर चुतेहले पनि चिनियाँ आठौं पार्टी महाधिवेशनमा माओको विरोधमा दक्षिणपन्थी पेङते हुइलाई साथ दिएको हाम्रो अगाडि उदाहरण काफी छ । सिंगै राज्यसत्ता जितेर नयाँ जनवाद ल्याउँदा त त्यो हालत भयो, हामीले क्रान्ति जितिसकेको अवस्था त होइन ।

***तत्कालीन दशवर्षे जनयुद्धमा हजारौं युवाहरुले बगाएको रगतका बीचबाट निर्मित जनमुक्ति सेना, जो एक थोपा रगत नबगाइकन प्रतिक्रान्तिको साधन बन्न पुग्यो । विश्वभरका सर्वहारावर्गले लाजले मुख छोप्नेगरी रातारात जनमुक्ति सेनाको नेतृत्व भ्रष्ट बन्यो र अन्ततः नामेट भएर गयो । यसो हुनुमा कसलाई जिम्मेवार ठान्नुहुन्छ ?***

यो कसैको पाप र सनकको कुरा होइन, पुरानो आदतको दासको कारण प्रतिक्रान्ति हुने हो । हाम्रो त क्रान्ति सफल भएको होइन नि ! घाँटी घाँटी क्रान्ति आउँदै गर्दा मुख मुख प्रतिक्रान्ति आएर क्रान्तिलाई खाइदियो । चार्ल्स प्रथमलाई काटेर राजालाई भगाएको बेलायतमा भागेर फ्रान्समा शरण लिएर बसेको राजालाई पुराना सामन्ती भाइभारदारले फेरि गद्दीमा बसालेको र ‘विश्वको बुढो प्रजातन्त्र’ भएको बेलायतमा अहिले पनि ‘संवैधानिक राजतन्त्रात्मक संसदीय व्यवस्था छ । राजतन्त्रको अन्त्य गरेको फ्रान्समा लुई बोनापार्टले आफैलाई सम्राट घोषणा गरे । विश्वको शक्तिशाली समाजवादी देश सोभियत संघमा एकथोपा रगत नबगाई ख्रुश्चोभले प्रतिक्रान्तिको नेतृत्व गरे । चीनमा तेङ स्याओ पिङले एकथोपा रगत नबगाई प्रतिक्रान्तिको नेतृत्व गरे । अहिले जसरी विश्वबाट सामन्तवादको नेतृत्व गर्ने राजतन्त्र र सामन्तवाद सिद्धिदैछ । त्यसैगरी भविश्यमा पुँजीवाद सिद्धिएर समाजवाद आउँछ । वर्ग शक्ति सन्तुलन नमिलेर त्यसो भएको हो । जनमुक्ति सेना भ्रष्ट हुनुमा विचरा ! जनमुक्ति सेनाको केही दोष छैन । बन्दुकले पार्टी चलाउने होइन, पार्टीले बन्दुक चलाउने हो । जनमुक्ति सेनाका सुप्रिम कमाण्डर र राजनीतिक रुपमा भ्रष्ट भएर नवसंशोधनवाद, सुधारवाद र संसदवादमा पतन भएकोले यसो हुन गएको हो । यसो हुनुमा पार्टीको मूल नेतृत्व नै राजनैतिक रुपमा पतन हुनु मुख्य जिम्मेवार हो । जनमुक्ति सेनालाई प्रतिक्रियावादी राज्यसत्ताको सेनामा लगेर विघटन र विसर्जन गराएर प्रचण्डले नामेट गराएका हुन् । आफै नामेट भएको होइन ।

***अहिले मार्क्सवादले गरेको परिभाषालाई नै फेल खुवाउने गरी माओवादी आन्दोलनमा प्रत्यक्ष तथा परोक्षरुपमा जोडिएका अधिकांश युवाहरु, त्यसमा पनि नेतृत्व तहमा रहेका युवाहरुमा ‘घोर अवसरवादी’ चरित्र देखापरेको छ । संक्षिप्तमा यसको अर्थ-राजनीतिक विश्लेषण गरिदिनुस् न ।***

हेर्नुहोस्, यो त अन्तर्राष्ट्रिय परिघटना हो । क्रान्तिको हार, असफलता र प्रतिक्रान्ति भएपछि विश्वमा यहाँभन्दा ठूला परिघटना भएका छन् । १९०५ मा रुसको क्रान्ति असफल भएपछि निराशा, पलायनता, कुण्ठा, अश्लिलता, आत्महत्याले ठाउँ लिएको थियो । १८७१ को पेरिस कम्युनको हार भएपछि संसारले धेरै कुरा सिके पनि फ्रान्समा अहिलेसम्म सच्चा कम्युनिस्ट पार्टी जन्मन सकेको छैन । मलेसियाको पार्टीको महासचिवले नै गद्दारी गरेर आफ्ना नेता कार्यकर्ताको प्रतिक्रियावादी ब्रिटिश साम्राज्यवादबाट मराएपछि अहिलेसम्म मेलेसियामा कम्युनिस्ट पार्टी छैन । हाम्रोमा त कम्तिमा क.मोहन वैद्यको नेतृत्वमा क्रान्तिकारी विचार, दर्शन, सिद्धान्त र राजनीतिको आधारमा सही कम्युनिस्ट पार्टीको पुनर्गठन गरेका छौं । दलाल, नोकरशाह र सामन्तवाद मिलेर बनेको प्रतिक्रियावादी राज्यसत्ताको ठाउँमा नेपाली विशेषतायुक्त सशस्त्र जनविद्रोह मार्फत् अक्टोबर क्रान्तिजस्तै नयाँ जनवादी नेपालको हामी सबैले सपना देख्नुपर्छ ।

***यस पृष्ठभूमिमा युवाहरुलाई क्रान्तिकारी आन्दोलनमा संगठित गराउन र क्रान्तिको प्रक्रियालाई अगाडि बढाउने सन्दर्भमा के कस्ता चुनौतीहरु देख्नुहुन्छ ?***

हामीजस्तो निम्न पुँजीवादी समाजमा अलिकति शक्ति नदेख्ने वित्तिकै नौनाडी गलेर फत्याकफुतुक भएर दशतिर छरिने र अलिकति आशा देख्नेवित्तिकै फेरि होस्हवास् गुमाएर रगत छादुन्जेल खट्ने प्रवृत्ति यो ६८ वर्षको नेपाली कम्युनिस्ट आन्दोलनमा समेत हामीले देखिसकेका छौं । आफ्नो शक्तिमा विश्वास नगर्ने, आकाशबाट पानी पनि इन्द्र देवताले पारिदिन्छन् र घाम पनि सूर्य देवताले लगाइदिन्छन् भन्ने हाम्रोजस्तो समाजमा माओले यसको उत्तर पहिले नै दिइसक्नुभएको छ । “निम्न पुँजीवादीहरु शक्तिमा विश्वास गर्छन्, शक्ति सत्तामा हुन्छ, सत्ता बन्दुकको नालबाट जन्मन्छ । जोससँग जति धेरै बन्दुक हुन्छ, त्योसँग त्यति धेरै सत्ता हुन्छ” भनेर । नेपाली विशेषतायुक्त सशस्त्र जवनविद्रोह संगठित गर्दै जाँदा सेना र प्रहरीमा समेत विद्रोह गराएर नेपाली जनताले प्रतिक्रियावादीहरुको बन्दुक खोस्ने र उतैतिर फर्काएपछि महान् लेनिनले भनेझैं “आधा रसियन त हामीले जित्ने निश्चित भएपछि अक्टोबर २४ को मध्यरातमा हामीतिर आए” भनेझैं हामीले धैर्यतापूर्वक क्रान्तिलाई संगठित गरौं । अघि बढ्ने युवाहरुको खाँचो हुने छैन ।

***करिब ५० देखि७० लाख युवाहरु अहिले वैदेशिक रोजगारीमा छन् । उनीहरुकै पसिनाको कमाइको हिस्सा ‘रेमिटेन्स’ले यहाँको राज्यव्यवस्था चलिराखेको छ, तर ती युवाहरुले आफ्नो घरपरिवारसँगै बसेर आफ्नै देशमा रोजगारी पाउने खालको व्यवस्थामा परिवर्तन आउन सकेको छैन । व्यवस्था परिवर्तनको आन्दोलनमा उनीहरुलाई कसरी सहभागी गराउन सकिन्छ ?***

यसका दुईओटा पाटाहरु छन् । विदेशमा पढाई, रोजगारी र सीप सिकेर केही युवाहरु आफ्नै देशमा केही गर्नुपर्छ भनेर पनि आएका छन् । त्यो मरुभूमिमा १ थोपा पानीजस्तो मात्र भएको छ । भोली जब विदेशमा सिकेको सीप आफ्नो देशमा लगाउनुपर्छ भनेर युवाको ठूलो हिस्सा देशमा आउनेछ, त्यतिखेर पुरानो राज्य मेशीनरी र पुरानो उत्पादन सम्बन्ध स्वतन्त्र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा वाधक देख्छ, त्यसपछि दोस्रो विश्वयुद्धबाट फर्केर आएका भाडाकै सिपाही भएपनि राणाविरोधी आन्दोलनमा लागेझैं यहाँका पुराना र बेकम्मा संसदीय पार्टी, नेता र व्यवस्थाका विरुद्ध नयाँ जनवादी व्यवस्थाको पक्षमा थाहै नपाइकनै पनि लाग्न वाध्य हुनेछन् ।

***गाउँ गाउँका जनताहरुको तपाईंहरुलाई हेर्ने दृष्टिकोण चाहिं कस्तो पाउनु भएको छ ?***

अहिले त हामी (क्रान्तिकारी माओवादी) दयाका पात्र जस्तो भएको पाउँछौं । नसकेर हो कि नगरेर हो, यिनीहरु सापेक्ष इमानदार छन् भन्छन् । जब हामीले साँच्चै नचाहेर नालीमा मुख गाडेनौं भन्ने कुरा प्रमाणित गर्नेछौं । त्यतिखेर मात्र हामी २ करोड ७५ लाख नेपालीको आशाको केन्द्र बन्नेछौं ।

***सूचना-प्रविधिको अभूतपूर्व विकास र भौतिक विज्ञानमा भइरहेका नयाँ नयाँ आविष्कारहरुले खडा गरेका चुनौतीहरुको सामना गर्दै सर्वहारावर्गीय क्रान्तिलाई गन्तव्यसम्म पुऱ्याउन सक्ने विचार, नेतृत्व र कार्यदिशाको चुनौतीको क्रान्तिकारी माओवादीले कसरी सामना गर्दैछ ?***

तपाईले ठीक प्रश्न उठाउनुभयो । यो विकास चुनौती मात्र नभएर संभावना पनि हो । जब भौतिक विज्ञानमा भएको अभूतपूर्व विकासका स्रोत साधन ९५% शोषित जनताको हातमा आउनेछ । ७ अर्ब ६० करोड उत्पीडित शोषितहरुले विश्वका ४० करोड (५%) शोसकहरुलाई एउटै चिहान बनाउने छन् । विचार, राजनीति र भौतिक हिसाबले समेत उत्पादनको निम्ति सङ्घर्ष, वर्गसङ्घर्ष र वैज्ञानिक उपयोग गर्दै विश्वका श्रमजीविहरुको चौथो अन्तर ाष्ट्रिय बनाएर नयाँ विचार, नेतृत्व र कार्यदिशा जन्माउने छन् र यो विश्वमा वैज्ञानिक समाजवाद ल्याइछाड्नेछन् ।

***माके र विप्लव माओवादीभन्दा क्रान्तिकारी माओवादी के कति कारणले सही र क्रान्तिकारी छ ? संक्षिप्तमा बताइदिनुस् न ।***

माकेको के कुरा गर्ने ? प्रचण्डले हाम्रो पार्टीलाई पठाएको पत्रमा यो राज्यसत्ता प्रतिक्रियावादी हो भनेर लेख्नुभएको छ । प्रतिक्रियावादी राज्यव्यवस्थाको लाउके भएर कसका विरुद्ध क्रान्ति गर्दै हुनुहुन्छ ? ‘संसदीय व्यवस्थाको भ्रममा नपरौं, नयाँ जनवादी क्रान्तिको तयारी गरौं’ भन्दै १५ हजार नेपाली आमाका होनहार छोराछोरीहरुको वलिदान पछि “यो व्यवस्था संसदीय व्यवस्था हो” भनेर धारा ७४ मा लेखिएको कुरामा सही धस्काउने प्रचण्डबाट तपाई के आशा गर्नुहुन्छ ? यो त ‘१ हजार मुसा मारिसकेपछि विरालो हज गर्न गएको’ नेपाली उखानजस्तै हो । १५ हजार मानिस मरिसकेपछि संसदीय व्यवस्थामा पुनः मुसीको भव भएर पदार्पण भएपछि अब के बाँकी रह्यो र ? विप्लवजीहरुको त अज्ञानताले संसारको सेवा गर्न सक्दैन, दर्शन, विचार, राजनीति, सिद्धान्तको कुनै टुङ्गो बाँकी नभएको, ‘आन्दोलन नै सबैथोक हो, लक्ष्य केही होइन’ भनेजस्तो राजनैतिक र फौजी कार्यदशा प्रष्ट नभएको, मालेमावादमा हुँदै नभएको एकीकृत जनक्रान्तिको कार्यदिशा बोकेर कुहिराको काग झैं रुमल्लिनुभएको छ । अहिले धेरै कुरा नगर्दा राम्रो होला ।

***अन्तमा, छुटेका केही विषयवस्तु छन् भने राखिदिनुस् न ।***

तपाईहरु एउटा ठूलो जिम्मेवारीमा हुनुहन्छ ? हिजो १० वर्षको जनयुद्धमा छापामार युद्ध र बन्दुक आन्दोलनकर्ता प्राचारकर्ता र संगठनकर्ता थियो । अब हुने नेपाली विशेषतायुक्त सशस्त्र जनविद्रोहको आन्दोलनकर्ता, संगठनकर्ता र प्रचारकर्ता वर्गदृष्टि साप्ताहिक बनोस् । नाम पनि राम्रो छ, ‘वर्गदृष्टि’ । वर्गदृष्टि गुमाएर अन्धा भएकाहरु, विजातीय तत्वमा परिणत भए । ‘वर्गदृष्टि’ सर्वहारा वर्गको दृष्टि (आँखा) बनोस्, यही शुभकामना छ ।

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# नेपालमा संघीयता किन ? संघीयतामा स्थानीय तह

नेपालको भू-बनोट र समाजिक बनोट ज्यादै विविधतायुक्त छ। तर सामन्ती राज्यसत्ताले इतिहासको लामो कालखण्डदेखि विविधतालाई उपेक्षा र नजरअन्दाज मात्र होइन, त्यसलाई नामेट गराउनेतिर नै यो वा त्यो रूपमा उद्दत रह्यो। जसको परिणाम राज्य सबै जात, जाति, आदिवासी जनजाति, दलित, महिला, तराईबासी मधेसी, विविध भाषाभाषी, तथा उत्पीडित वर्ग, क्षेत्र र समुदायको हुन सकेन। राज्य सीमित जातिका शोषक वर्गको मात्र बन्न गयो। त्यसले गर्दा वर्गीय, जातीय, क्षेत्रीय र लिङ्गीय सबै प्रकारको भेदभाव, उपेक्षा, शोषण, दमन र उत्पीडन चुलिदै आएको हो। एकात्मक र केन्द्रीकृत राज्य संरचना र व्यवस्थाले नेपालजस्तो जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, साँस्कृतिक, विविधतायुक्त समाजिक बनोट रहेको देशको विशिष्टतालाई सम्बोधन र समायोजन गर्न नसकेको मात्र होइन, संरचनागत दमन-उत्पीडन समेत गर्दै आएको जगजाहेर नै छ। त्यसकारण यो राज्यव्यवस्था र संरचनाको विरुद्ध लामो समयदेखि विभिन्न रूपमा संघर्ष हुँदै आएको हो। दशवर्षे जनयुद्ध र ऐतिहासिक जनआन्दोलन २०६२/६३ ले सामन्ती एकात्मक राज्य संरचना र केन्द्रीकृत शासन प्रणालीको औचित्य समाप्त गरिदिएको छ।

तसर्थ, उपर्युक्त पृष्ठभूमि र परिप्रेक्षमा नेपालको धरातलीय यर्थाततामा आधारित उत्पीडित र उपेक्षित वर्ग, जात, जाति, आदिवासी जनजाति, महिला, दलित, तराईवासी मधेसी, विविध भाषाभाषी तथा क्षेत्र र अल्पसंख्यक समुदायको भावना र मर्म तथा आवश्यकताहरूलाई वास्तविकरूपमा सम्बोधन, समायोजन र प्रत्याभूत गर्नु आवश्यक छ। त्यसको लागि समानुनपातिक र समावेसी प्रतिनिधित्व, आत्मनिर्णयको अधिकारको सैद्धान्तिक सहमति र जातीय-क्षेत्रीय स्वशासनको आधारमा पहिचानसहितको संघीय गणतान्त्रिक राज्यब्यवस्था अनुरूप राज्यको संघीय संरचना आजको आवश्यकता बन्न गएको हो।

तर दलाल र नोकरशाही पुँजीपति तथा सामन्तवादको पक्षपोषण गर्ने र विदेशीहरुको ईसारामा चल्ने यथास्थिति र पश्चगामी दलहरु र त्यसका नेताहरुको कारण संविधान निर्माण नगरी पहिलो संविधानसभालाई अवसान गराईयो। र, कथित दोस्रो संवधानसभाले यथास्थिति र पश्चगामी चरित्रको जनविरोधी संविधान बनाएको छ। त्यो संविधाननुसार घोषणा गरिएको वेनामे प्रदेशहरु संघीयताको मूल्य र मान्यता विपरीत छ। त्यसकारण नेपालमा जुन कारणले र जसलाई संघीय संरचनाको आवश्यकता भएको हो, त्यो कारण र पक्षलाई सम्बोधन र समेट्ने कुरै भएन। त्यसकारण संघीयताको विषय अझै गम्भीरतातिर धकेलिएको छ।

यो एउटा गाँठी प्रश्न हो, नेपालमा संघीयता अर्थात् राज्यको संघीय संरचना किन चाहिएको हो ? सर्वप्रथमतः यो प्रश्नमा प्रष्ट हुनु आवश्यक छ। हुन त यो विषयमा प्रष्ट नभएर वा नबुझेर नै त संघीयताको विषय जटील बनेको होइन। तर जुन वर्ग, जाति, समुदाय र क्षेत्रलाई संघीयता चाहिएको हो, त्यो पक्षको बहुसंख्याले संघीय राज्य संरचनाको आवश्यकता र औचित्य तथा त्यसको मर्म र भावना राम्रोसंग बुझेकै छैन। जुन वर्ग र जातिले बुझेको छ, त्यो पक्षलाई संघीयताको आवश्यकता नै छैन। त्यसकारण नेपालमा संघीय संरचना सम्पूर्णलाई होइन, युगौदेखि एकात्मक राज्य संरचना र केन्द्रीकृत राज्य सत्ताबाट शोषण, दमन, उत्पीडिन र भेदभावमा परेका अत्याधिक बहुसंख्यक शोषित र उत्पीडित वर्ग, जाति, समुदाय, क्षेत्र र लिङ्गलाई चाहिएको हो भन्ने कुरामा प्रष्ट हुनु अनिवार्य छ। तर राज्यको बागडोर अहिले पनि त्यही सीमित संघीयता आवश्यक नभएको अभिजात वर्ग र जातिको हातमा छ। त्यसैले संघीय संरचनालाई त्यही वर्ग र जातिले नै सकभर हुन नदिने यदि कसैगरी पनि संघीयता रोक्न सकिएन भने संघीयता आवश्यक भएका वर्ग, जाति, समुदाय, क्षेत्र र लिङ्गलाई दिगभ्रमित पार्ने र संघीयताको मूल मर्मलाई नै तोडमोड गरेर नाम मात्राको संघीयता ल्याउने डिजाईन अनुसार बेनामे संघीय प्रदेशहरुको घोषणा भएको हो। र, त्यसै अनुसार वर्तमान राज्य तथा सरकारले स्थानीय तहको पुनःसंरचना गर्ने कसरत पनि गरिरहेको छ। तर त्यसलाई संघीयता आवश्यक भएका वर्ग, जाति, समुदाय, क्षेत्र र लिङ्गका जनताले अस्वीकार गरेका छन्। जसले गर्दा संघीयता विरोधी अभिजात वर्गका प्रतिनिधिहरुले कार्यान्वयन गर्न



के. बी. गुरुङ

संघीयताको मुख्य मर्म राज्यको शक्ति र स्रोतमा जनसमुदायको प्रतिनिधित्व र पहुँचलाई सहज र सुगम बनाउने हो। स्थानीय तह जनसमुदायको सबैभन्दा नजिकको सरोकार राख्ने राज्यको तह हो। संघीयता हरेक देशको आ-आफ्नै विशेषता र विशिष्टता हुन्छन्। नेपालको संघीयताको विशेषता र विशिष्टता भनेको जातीय र क्षेत्रीय पहिचान र स्वायत्तता हो।

असमर्थ बन्दै गईरहेका छन्।

**संघीय संरचनामा स्थानिय तह**

संघीय राज्य संरचनामा संघ, प्रदेश/राज्य र स्थानीय तह हुने कुरा विश्वव्यापी आम प्रचलन जस्तो बनेको छ। यद्यपि संघीयताको सुरुवाती चरणमा स्थानीय तह अस्पष्ट र अब्यवस्थित थिए। तर अहिले आएर विश्वका संघीय संरचना भएका मुलुकहरुमा स्थानीय तहलाई आ-आफ्ना सापेक्षता र आबश्यकता अनुसार विभिन्नरुपमा ब्यवस्था गरिएका छन्। हुन त एकात्मक मुलुकहरुमा पनि स्थानीय तहका ब्यवस्थाहरु गरिएका छन्। तर संघीयताको मुल मर्म शक्ति पृथकीकरणको सिद्धान्तअनुसार राज्यशक्ति र स्रोतको बाँडफाँड हो। राज्यसत्ता र स्रोतमा सरोकारवाला आम जनताको प्रतिनिधित्व र पहुँचलाई सुनिश्चित र सहज बनाउनु हो। एकात्मक राज्यको मुख्य कुरा राज्यशक्ति र स्रोतको केन्द्रीकरण हो। एकात्मक राज्यब्यवस्थामा स्थानीय तहहरु भए पनि विकेन्द्रीकरणमा आधारित केन्द्रीय राज्यको प्रशासनिक इकाईकारुपमा रहेका हुन्छन्।

**नेपालको संघीय संरचनामा स्थानीय तह**

प्रथमतः नेपालमा घोषणा गरिएको संघीय राज्य संरचना संघीयताको मर्म र मान्यताविपरीत भएको जगजाहेर छ। जसले गर्दा संघीयता आवश्यक भएका वर्ग, जाति, समुदाय र क्षेत्रका जनताको आकांक्षा र आवश्यकतालाई सम्बोधन गर्नसक्ने कुरै भएन। अहिले आएर त्यही संघीयताको मुल्य र मान्यता विपरीत स्थानीय तहको पुनःसंरचना गर्ने कसरत भइरहेको छ।

नेपाल सरकारले स्थानीय तहको संख्या र सीमाना निर्धारण गर्नको लागि वालानन्द शर्माको संयोजकत्वमा आयोग गठन गरेका छ र त्यसले सबै जिल्लाहरुको स्थानीय विकास अधिकारीको संयोजकत्वमा स्थानीय तह पुनर्संरचना प्राविधिक सहयोग समिति बनाउनुका साथै त्यसको कार्यसर्त र कार्यविधि बाएको छ। र, त्यसैका आधारमा स्थानीय तहको संख्या र सिमाङ्कन गर्ने भनिएको छ। संख्या निर्धारणको मुख्य अधाार जनसंख्यालाई बनाईएको छ। जनसंख्या निर्धारण यस प्रकार गरिएको छ :

गाउँपालिकाको लागि हिमाली क्षेत्रमा १५ हजार र पहाडि क्षेत्रमा २५ हजार, त्यसैगरी भित्री मधेस र तराईमा ५० हजार तोकिएको छ । नगरपालिकाको लागि हिमाली क्षेत्रमा २० हजार र पहाडि क्षेत्रमा ३५ हजार, त्यसैगरी भित्री मधेस र तराईमा ७५ हजार तथा पहाडी जिल्लाको सदरमुकाम रहेको नगरपालिकाको लागि ४५ हजार र काठमाडौ, भित्री मधेस र तराईका सदरमुकाममा हुने नगरपालिकाको लागि ९५ हजार तोकिएको छ। महानगरपालिका र उप-महानगरपालिकाको निम्ति क्रमशः ३ लाख र १ लाख ५० हजार तोएिको छ। त्यसैगरी जिल्ला र वार्डहरुको सिमाना फेरवदल गर्न बन्देज गरिएको छ।

उपर्युक्त संख्या र बन्देजको आधारमा एउटा जिल्लामा न्यूनतम् ३ र अधिकतम १३ सम्म स्थानीय तहको संख्या निर्धारण गरिएको छ। जबकि मनाङ र मुस्ताङ जिल्लामा १५ हजारभन्दा कम जनसंख्या छ। पंचातकालीन जिल्ला र वार्डका सिमानाहरु हचुवा र अवैज्ञानिक छन्। अनि त्यसैलाई कायम राखेर कसरी पुनर्संरचना हुन सक्दछ ? यसरी नेपाली समाजको जातीय, क्षेत्रीय, भाषिक, भौगोलिक लगायत विविधता र विशिष्टताहरुलाई नजरअन्दाज गरेर गणितीय आधारमा जनसंख्याको निर्धारण र त्यसका आधारमा स्थानीय तहको संख्या निर्धारण गर्ने जुन विधि अवलम्बन गरिएको छ, त्यो संघीयताको मुल्य र मान्यता विपरीत त छ नै ज्यादै हचुवा र अवैज्ञानिक पनि छ। यसरी गरिन लागेको स्थानीय तहको पुनर्संरचना जनपक्षीयभन्दा जनविरोधी हुने निश्चित प्रायः छ।

प्रदेश र स्थानीय तहको संख्या कति हुने मापदण्ड गणितीय जोड घटाउको आधारमा र पञ्चायतकालीन क्षेत्र, अंचल, जिल्ला र वार्डहरुको सिमानालाई कायम राखेर होइन, जनसमुदायका बसोवासको निरन्तरता, भौगोलिक सुगमता, स्रोत साधनको संभाव्यताजस्ता मुलभूत विषयहरुका आधारमा निर्धारण गर्नु आवश्यक छ। तसर्थः सरकारले गरेको वेनामे प्रदेश विभाजन र अहिले गरिरहेको स्थानीय तहको पुनर्संरचनाले नेपालमा आबश्यक संघीयताको विशेषता र विशिष्टतालाई तोडमरोड गरेको छ। जनसमुदायको पहिचान र राज्यका तहहरुमा समानुपातिक प्रतिनिधित्वलाई अस्वीकार गरेको छ। स्रोतसाधन माथिको अधिकार र पहुँचलाई कुण्ठीत गरेको छ।

संघीयताको मुख्य मर्म राज्यको शक्ति र स्रोतमा जनसमुदायको प्रतिनिधित्व र पहुँचलाई सहज र सुगम बनाउने हो। स्थानीय तह जनसमुदायको सबैभन्दा नजिकको सरोकार राख्ने राज्यको तह हो। संघीयता हरेक देशको आ-आफ्नै विशेषता र विशिष्टता हुन्छन्। नेपालको संघीयताको विशेषता र विशिष्टता भनेको जातीय र क्षेत्रीय पहिचान र स्वायत्तता हो। राज्यका सबै तह र अङ्गहरुमा समानुपातिक र समावेसी प्रतिनिधित्व हो। स्रोत साधनमा जनसमुदायको अधिकार र सहज पहुँचको सुनिश्चिता हो। संक्षिप्तमा भन्दा उत्पीडित वर्ग, जाति, क्षेत्र, लिङ्ग र समुदायको पहिचान, प्रतिनिधित्व र पहुँचको सुनिश्चित गर्नु हो। यदि यी मुख्य आधारभूत विशेषता र विशिष्टतालाई ठिक तरिकाले आत्मसाथ नगरी तोडमोड गरिए संघीयताको औचित्य नै रहँदैन।

keshargurung@gmail.com




◆ झर्रोटर्रो — कैलुब्राह

## जेलब्रेकदेखि झ्यालब्रेक पुराण

कम रेड ‘गणपति’ माके नामको सरकारी कम्युनिस्ट पार्टीका अब्बल दर्जाका ‘संस्कृतिकर्मी’ हुन् । कविता लेखनबाट माओवादी वृत्तमा उदाएका गणपति माओवादी बन्नु भन्दा पहिला एमालेका विद्यार्थी सङ्गठनका दुईआनाका कार्यकर्ता थिए । उनकै गृह जिल्ला निवासी तात्कालिन माओवादीका विद्यार्थी नेताले उनलाई एमालेबाट थुतेर माओवादीको विद्यार्थी सङ्गठनको दुईआनाका कार्यकर्तामा टीकोटालो लगाई भित्र्याए। लगत्तै किलोशेरा अप्रेशन थाल्यो काङ्ग्रेस सरकारले । गणपति बिच्किए । लौ मरिने भयो भनेर डरले थुरथुर काँप्दै घरतिर टाप कसे। ती माओवादी नेताले फेरी फकाई पुल्याई गरेर माओवादीमा लगाउने भन्दै सदरमुकामको नजिकै रहेको गाउँको एउटा घरमा राखेर फकाइराखेका बेला पुलिसले छापा मार्‍यो र कन्यापकुरूप पार्‍यो । सबैलाई डल्लो पारेर अड्डामा पुर्‍यायो र जेलमा हुल्यो। गणपति परे ठण्डाराम ।

उनलाई माओवादी बनाउने विद्यार्थी नेता सहित आधा दर्जन बढी माओवादी जेलमा परे। त्यसपछि क्रान्तिका लागि जहाँ पनि काम पाइन्छ भनेझैँ माओवादीहरू जेलभित्रै पार्टीको सङ्गठन बनाए र जनयुद्ध सुरु गरे । बाहिर जति जनयुद्ध चर्किन्छ त्यति बढि भित्र पनि चर्काएर काम गरे । गणपतिले रोदनका कविता लेखेर दिन गुजारे। अरू माओवादीहरूले जनयुद्धको काम तीव्र पारे। जेलभित्रको जनयुद्धको फौजी कार्यदिशा थियो, सुरुङ खनेर जेल तोड्ने । ठकुरी थरका माओवादीको कमाण्डमा सुरुङ खन्ने कार्य सुरु भयो । केही महिनापछि त्यो काम सम्पन्न भयो। अब रह्यो अन्तिम सत्ता कब्जा गर्ने। सुरुङ कमाण्डरले सबै वन्दीलाई भेला पारे। सुरुङ खन्न सहभागी भएकाहरू त योजनाप्रति परिचित नै थिए । सहभागी नभएकाहरू कमाण्डरको योजना सुनेर दङ्ग परे । गणपतिलाई पनि यो योजना सुनाइयो । गणपतिको मन दोमन भयो । जेल तोडेर भागौँ भने जनयुद्ध चल्दासम्म भूमिगत हुनु पर्ने बाध्यता, नभागौँ भने जेलभित्रै ठिँगुरीइराख्नु पर्ने समस्या । चोच्दासोच्दै अन्त्यमा उनले बाहिरी दुनियाँमा निस्कने निधो गरे । एकदिन उनीहरूले जेलब्रेक गरे र पार्टीको सम्पर्कमा पुगे । बाहिर निस्कएको केही बर्सपछि गणपतिले जेलमाहात्म्य लेखे र खुबै चर्चा पाए। बाहिरी दुनियाका गैरमाओवादी र जेलब्रेकको असली कथा थाहा नपाएका माओवादीहरूलाई उनको जेलमाहात्म्यले हो न हो जेलब्रेकका कमाण्डर गणपति नै हुन् भन्ने भ्रम पैदा भयो। जे होस् ‘लङ्का साध्ने हनुमान पगरी गुत्थ्ने ढेँडु’ भन्ने उखान साक्षात् चरितार्थ भयो ।

जेल तोडेका कमाण्डरहरू युद्धका कमाण्डरमा बदलिए भने गणपतिले कविता लेख्ने सङ्गठनतिरको बाटो समाए । पार्टीले पनि त्यतैको जिम्मा दियो । उनी त्यस क्षेत्रमा लाटो देसको गाँडो तन्नेरी भए। अब्बल दर्जाको कवि। युद्धकै क्रममा एक जना पेन्सनी प्रोफेसर माओवादीका घागडान संस्कृतिकर्मी थिए । उनलाई आलोचना गर्न पाइँदैनथ्यो प्रशंसाका क्वीन्टलका माला पहिर्‍याउनु पर्थ्यो। कसैले प्रशंसा गरेन भने आफैलाई पात्र बनाएर कथा उपन्यास लेखेर भएपनि आफ्नो प्रशंसा माओवादी नेता कार्यकर्ता र जनताबाट गराउँथे। पेन्सनी प्रोफेसर खासमा बाहिर जेजति घागडान संस्कृतिकर्मी थिए त्यति नै भित्र असंस्कृतिकर्मी थिए। त्यो कुरा उनको व्यवहारले पुष्टि गर्दै लग्यो। उनको लेखोटले पाठकमा उनीप्रति जति मायाँ र श्रद्धा जगाएको थियो, त्यति नै घृणा उनको थुतुनोले बनायो। कार्यकर्ताबाट भाग्दै भाग्दै भौँतारिएको बेला गणपतिसँग भेट भयो। सत्य युगका गणपतिले शिव पार्वतीको भक्ति आराधना गर्थे भने कलियुगका गणपतिले तिनै पेन्सनी प्रोफेसरको भक्ति आराधनामा आफूलाई लिन गराए । प्रोफेसरले पनि आफ्नो प्रशंसा गरेको देखेर प्रसन्न भई भक्तलाई काँधमा बोकेर हिँडे । त्यसपछि गणपति प्रोफेसरको लालजोडी बन्यो । गणपति कविबाट संस्कृतिकर्मीमा उकालो चढे । उनलाई एकजना भित्रीया सहयोगीको जरुरत पर्‍यो । माओवादीकै नेताको कन्यालाई पटाउन सुरु गरे । भरखर तेह्र चौध लागेकी कन्यालाई उनले पट्याइछाडे । संस्कृतिको नयाँ आयाम थपियो। उनी मखलेल भए।

माओवादी सुप्रिमोले दिव्य दस बर्सको जनयुद्धलाई विश्राम दिए र यसको साङ्ग्यता गरे । अब माओवादी पनि काङ्ग्रेस, एमाले, राजावादी, रङ्कवादी जस्तै लोकतन्त्रवादीमा बदलियो । गणपतिका दिन उदाए । गणपतिको कर्म भनेको शक्तिको भक्ति गर्नु हो । यो सत्ययुगदेखि चलिआएको सनातनी धर्म । उनी न्वारानदेखिको बल लगाएर शक्तिको भक्तिमा लिन भए । त्यसपछि उनले प्रोफेसरको टाउकोमा बददद छेरिदए र सुप्रिमोको भक्तितिर आफूलाई केन्द्रित बनाए। उनको भक्तिदेखि प्रसन्न भएर सुप्रिमोले उनलाई सरकारी पगरी गुथाए । त्यहाँ उनको काम सानिमा खेलको नेतृत्व गर्नु थियो । उनको सानिमा खेलका अप्सराहरूसँग हिमचिम बढ्यो। नयाँ संस्कृतिको खोजी गर्दागर्दै कुण्डले, मण्डले, लटे, मुङ्ग्रे र अप्सराहरूको सङ्गत गर्दागर्दै एक हुल जमातलाई माओवादी सुप्रिमोबाट टिकाटालो लगाइदिए। त्यसपछि सोमरसपानदेखि अप्सरालिलासम्मका संस्कृतिमा गणपति मस्त भए ।

यस्तै क्रममा केही बर्सपछि एकजना पञ्चवादीलाई आफ्नो कुटीमा भित्र्याउने योजना बन्यो। एकदिन एकजना लटे कुण्डलेलाई साथमा लिएर सोमरसपानमा पञ्चसँगै लिन भए । ती पञ्चले बेलुका डिनर पाटी आफ्नै घरमा दिने भन्दै उनीहरूलाई लिएर गए। डिनर खाइवरी सकेपछि रसरङ्का लागि गाना बजाना गर्ने योजना बनायो लटेमुन्द्रेले। त्यसैक्रममा गणपति र लटेले पञ्चकी पुत्रीकन्यालाई छामछुम पार्न थाले । यो त यसैह्य व्यवहार थियो । सोमरसले लट्ठीएका गाणपतिहरूले आफू कहाँ र कुन योजनामा आएको भन्ने बिर्सिए र पञ्चकी पुत्रीकन्यालाई सिनेमाखेलकी अप्सराझैँ ठानेर अप्सरापान गर्ने कुत्सीत मनसुवा राखे । त्यसपछि गणपतिको कुटीमा प्रवेस गर्ने धोको बोकेका पञ्चले आफैले बोलाएर घरमा ल्याएका पाहुनालाई रामधुलाई दिनु पर्‍यो । रामधुलाई पाएका गणपति-लटेमुन्द्रे बल्ल होसमा आए अनि नाकमुख रगताम्य पार्दै झ्यालब्रेक गरेर कुलेलाम ठोके। यसरी जेलब्रेकको कथा झ्यालब्रेकमा गएर समाप्त भयो। इतिस्कन्धे झर्रोटर्रो पुराणे झ्याल माहात्मे गणपति अध्याय शुभम् ।

२४ भदौ २०७३

kailubraha73@gmail.com

# सेप्टेम्बर ११ र आतंकवादको चुनौती

*अहिले अमेरिकामा एउटा आवाज जबर्जस्त रुपमा अघि आएको छ कि अमेरिकाको पहिलो काम आफूलाई सुरक्षित राख्नु हो । संसारको चौकीदारी गर्नु होइन । कतिपयको तर्क छ, 'जब संसार सुरक्षित रहँदैन भने अमेरिका एक्लै कसरी सुरक्षित रहन सक्छ ।'*



केशरमणि कटुवाल

आजभन्दा ठीक १५ वर्षअघि अर्थात सन् २००१ सेप्टेम्बर ११ मा अमेरिकाको वर्ल्ड ट्रेड सेन्टर र रक्षामन्त्रालय मुख्यालय पेन्टागनमा आतंकवादी हमला भएको थियो, जसलाई हामी सेप्टेम्बर ११ को घटना भनेर विश्वभरी चिन्दछौं । यी १५ वर्षमा विश्व राजनीतिमा मात्रै नभएर अमेरिकी राजनीतिमा पनि थुप्रै फेरबदल आइसकेको छ । यो वर्ष युरोपका जर्मनी, फ्रान्स, बेल्जियमजस्ता देशमा आतंकवादी आक्रमणहरु भए । तर, अमेरिकामा त्यसबेला भएको आतंकवादी आक्रमण निकै भिषण, योजनाबद्ध र शृंखलाबद्ध थियो । सो आक्रमणमा कुल २ हजार ९ सय ९६ जना मारिए । अमेरिकामा १५ वर्षअघि जुन प्रकारको भिषण हमला भयो, अहिले पनि संसारका शक्तिशाली भनिएका देशहरु आतंकवादीको निशानामा पर्दै आइरहेका छन् । स्वयम अमेरिका पनि अहिले आतंकवादसँग पूर्ण सुरक्षित छैन । अमेरिकामा सेप्टेम्बर ११ को हमलालगत्तै जुन वातावरण थियो, त्यो अहिले त्यस्तो डरलाग्दो अवस्था छैन । तर अमेरिकामा भएको आतंकवादी हमलाको १५ वर्षपछि पनि आतंकवादी आक्रमणको खतरा कायमै छ । केही समयअघि ओर्ल्याण्डो सहरस्थित एक समलिंगी क्याफेमा भएको हमलामा ४९ जना मारिएका थिए । यस प्रकारका छापामार शैलीका आक्रमणको खतरा युरोप र अमेरिकामा अहिले पनि उत्तिकै छ ।


अमेरिकामा काउन्टर टेरर अपरेशनमा सामेल अधिकारीमाथि अहिले झन बढी दबाब सिर्जना भएको छ । आईएसआईएस र अलकायदा जस्ता अन्तराष्ट्रिय आतंकवादी संगठन र यी संगठनप्रति सहानुभूति राख्ने केही संगठन अहिले पनि अमेरिका र उसका सहयोगी देशहरुलाई आफ्नो प्रमुख सत्रु ठान्छन् । नेशनल काउन्टर टेररिज्म सेन्टरका निक रेसम्युसेन भन्छन्, 'पछिल्ला दिनमा हामीहरुको काम झनै कठिन बन्दै गइरहेको छ । आतंकवादी संगठनहरु शक्तिशाली बन्दै गइरहेका छन् र आजको युगमा स्मार्टफोन एप्स र सहजै रुपमा एकअर्का संगठनसँग सम्बन्ध र सम्पर्क स्थापित हुने वातावरण बनेकाले आतंकवादविरुद्धको कारबाही त्यो भन्दा प्रभावकारी ढंगले अघि बढाउनु आवश्यक भइसकेको छ ।'

**के हो सेप्टेम्बर ११ को आक्रमण ?**

११ सेप्टेम्बर, २००१ मा संयुक्त राज्य अमेरिकामा अलकायदा आतंकवादी संगठनले चार वटा जेट बिमानलाई नियन्त्रणमा लिएर गरेको आक्रमणको शृंखला नै सेप्टेम्बर ११ को हमला हो । अपहरणकारीले चार वटा विमानमध्ये दुई वटा विमान न्युयोर्कस्थित वर्ल्ड ट्रेड सेन्टरको ट्विन टावरमा ठोक्काए । जसमा विमानमा रहेका सबै यात्रु र भवनभित्र काम गरिरहेका थुप्रै सर्वसाधारण मारिए । दुवै भवनमा दुई घन्टाभन्दा बढी समय धुवाँ र आगोको मुस्लोको चपेटामा परे भने नजिकै रहेका केही भवनहरुमा समेत क्षति पुग्यो । अपहरणकर्ताले तेस्रो विमान पेन्टागनमा ठोक्काए । अपहरणकारीले वासिंगटन डिसीमा ठोक्काउन लागेको चौथो विमानका केही यात्रु र चालक दलका सदस्यले अपहरणकर्ताबाट विमान नियन्त्रणमा राख्ने कोशिन गर्दा पेन्सिलभेनियाको शेक्सभिले नजिकै खेतमा दुर्घटना हुँदा त्यसमा सवार सबै जनाको मृत्यु भयो । यी सबै घटनामा परी २ हजार ९ सय ९६ जनाको मृत्यु भयो भने ६ हजारभन्दा बढी घाइते भए । घटनाका क्रममा आपतकालीन उद्धार कार्यमा ठूलो संख्यामा खटिएका प्रहरी र अग्नी नियन्त्रकको समेत मृत्यु भयो । पेन्टागन आक्रमणमा मात्रै २ हजार ७५२ जनाको मृत्यु भयो भने पेन्टागनमा १८४ जना मारिए । घटनामा परी विश्वका करिब ७० देशका मानिस मारिएका थिए । एक व्यक्तिको त ट्विन टावर आक्रमणपछि निस्किएको धुलो र धुवाँका कारण फोक्सोमा समस्या आएर मृत्यु भयो । त्यसलगत्तै अमेरिकाले आतंकवाद विरुद्ध युद्ध सुरु गर्ने फैसला गर्‍यो । त्यसको पहिलो प्रतिक्रियास्वरुप आतंकवादलाई प्रश्रय दिएको आरोपमा तालिबानलाई सत्ताच्युत गर्नका लागि अफगानिस्तानमा आक्रमण गर्‍यो । अमेरिका र उसका सहयोगी देशसहित विश्वका थुप्रै देशले आतंकवादविरोधी कानुनलाई मजबुत बनाए ।

**आर्थिक क्षेत्रमा नोक्सानी**

अमेरिकामा आक्रमणपछि त्यहाँको शेयर कारोबार निकै दिनसम्म ठप्प भयो । सात दिनपछि पुन खुलेपनि एयरलाइन्स र बीमा उद्योगमा भारी मात्रामा नोक्सान भयो । आक्रमणमा अमेरिकामा मात्रै नभएर विश्व बजारमा नै ठूलो नोक्सानी र आर्थिक प्रभाव पर्‍यो । न्युयोर्क स्टक एक्सचेन्ज, अमेरिकी शेयर बजारमा ठूलो प्रभाव देखियो । सातादिनसम्म बन्द भएर खुल्दा सेयर बजार सुचकांक ६८४ अंक अर्थात ७.१ प्रतिशतले खस्किएको थियो । यो अमेरिकी बजारमा एकै दिनमा आएको गिरावटको रेकर्ड थियो । साताको अन्त्यसम्ममा १४.३ प्रतिशतले गिरावट आएको थियो । सन् २००८ मा आएको वैश्विक वित्तीय संकटका क्रममा यो भन्दा पनि ठूलो क्षति भएको थियो । सेप्टेम्बर ११ को आक्रमणको तीन महिनाभित्र सहरमा लगभग चार लाख ३० हजार रोगजारी गुमेको थियो । सन् २००१ का अन्तिम तीन महिना र सन् २००२ को पुरै वर्षभरी नै अमेरिकी अर्थतन्त्रमा गिरावट आइनै रह्यो ।



**ओसामा बिन लादेनको अन्त्य**

साउदी अरबका नागरिक ओसामा बिन लादेन १० मार्च १९५७ मा साउदी अरबको एक धनी परिवारमा जन्मिए । मोहम्मद बिन लादेनका ५२ सन्तानमध्ये लादेन १७ औं छोरा थिए । मोहम्मद साउदी अरबका अरबपति ठेकेदार हुन् । उनको कम्पनीले देशको लगभग ८० प्रतिशत सडक निर्माण गरेको थियो । जब लादेनका बाबुको १९६८ मा हेलिकोप्टर दुर्घटनाबाट मृत्यु भएपछि पिताको सम्पत्तिका हकदार उनी युवा अवस्थामै विनामिहिनेत करोडपति बन्न पुगे । साउदी अरबका साह अब्दुल्लाह अजिज विश्वविद्यालयमा उनी इन्जिनियरिङ पढ्दै गर्दा कट्टरपन्थी शिक्षक र विद्यार्थीसँग नजिकिए । सन् १९७९ मा सोभियत संघले अफगानिस्तानमाथि हमला गरेपछि ओसामाले सुख सुविधाको जीवन त्यागे र मुजाहिद्दिनमा सामेल भए । पछि उनले अलकायदाको मूल संगठन स्थापना गरे । मध्यपूर्वमा अमेरिकी सेनाको उपस्थितिलाई लिएर असन्तुष्ट लादेनले १९९८मा अमेरिकाको विरुद्धमा युद्धको घोषणा गरेका थिए । सन् १९९४ मा अमेरिकी दबाबकै कारण साउदी अरबले उनको नागरिकता खारेज गरेको थियो । त्यसपछि उनी सुडान हुँदै १९९६ पुनः अफगानिस्तान पुगे । सन् १९९८ मा केन्या र तान्जानियाको अमेरिकी दूतावासमा बम हमला, १९९३ मा वर्ल्ड ट्रेड सेन्टरमा बम विस्फोट, १९९५ मा रियादमा कार बम विस्फोट र साउदी अरबमा ट्रक बम हमलामा उनी दोषी ठहर भएका थिए । सन् २००१ सेप्टेम्बर ११ मा अमेरिकी वर्ल्ड ट्रेड सेन्टर ध्वस्त पारेपछि बिन लादेन विश्वका सबै मानिसले चिन्ने पात्र बने । मे २, २०११ मा ओसामा बिन लादेन पाकिस्तानको एबोटाबादमा अमेरिकी सेनाको कारबाहीमा मारिए । सेप्टेम्बर ११ को आक्रमणपछि ओसामामाथि तीन असफल आक्रमण भएको थियो । सन् १९९४ फेब्रुअरीमा केही लिबियनहरूले सुडानमा ओसामाको घरमै आक्रमण गरेका थिए । १९९८ अगस्ट २० मा ' अप्रेसन इन फिनिट रिच' का रूपमा युएस नेभीले अफ्गानिस्तानको खोस्टस्थित अलकायदाको तालीम केन्द्रमा ६६ वटा क्रुज मिसाइल हान्दा ३० जनाको मृत्यु भए पनि ओसामा बचेका थिए । सन् २०००मा अफगानिस्तानकै पहाडमा गाडीहरूको एक लस्करमा रकेट उर्जित ग्रिनेडहरू हान्दा शंकास्पद एक गाडी ध्वस्त भयो, ओसामा चलाखीपूर्वक अर्कै गाडीमा चढेकाले बचे । ट्विन टावर ध्वस्त पारिएको अढाई महिनाभित्रै लादेनको मूल क्याम्प तोराबोरा पहाडमा भयानक आक्रमणसहित कब्जा गर्दा अमेरिकी फौज पुग्नु दुई घन्टाअघि नै उनी भाग्न सफल भएका थिए । सन् २०११ मा करिब ३८ मिनेटसम्म लगाएर अमेरिकी सेनाले गरेको कारबाहीका क्रममा लादेन मारिए । उनको डीएनए परीक्षणपछि अमेरिकी राष्ट्रपति बाराक ओबामाले लादेनको मृत्युको घोषणा गरे । त्यो पल विश्वभर अलकायदा आक्रमण पीडितले खुसियाली मनाएका थिए ।

**अलकायदा पछि आईएसआईएस**

सेप्टेम्बर ११ को हमलाले अमेरिकालाई अलकायदा र तालिबानजस्ता आतंकवादी विरुद्धको लडाईलाई नयाँ सिराबाट सुरु गर्नका लागि प्रेरणा मिलेको बताइएको थियो । तर, आतंकवादलाई अन्त्य गर्न भन्दै अमेरिकाले संसारभर सुरु गरेको लडाईको १५ वर्षपछि आतंकवादको चुनौती झनै थपिएको छ । यस बिचमा अफगानिस्तानमा रहेको तालिबान सत्ता ढल्यो तर आतंकवाद ढल्न सकेन । पछिल्ला केही वर्षदेखि अफगानिस्तानमा तालिबानको सक्रियता ह्वात्तै बढेको मात्रै छैन केही एक महिनाअघि उत्तरी क्षेत्रको सरकारको नियन्त्रणमा रहेको एक जिल्ला नै कब्जा गरेका छन् । काबुललगायतका क्षेत्रमा आतंकवादी संगठन अलकायदाको आक्रमण दिनहुँजसो भइनै रहेका छन् । सिरिया र इराकको ठूलो क्षेत्र कब्जा गरि आतंकवादी क्रियाकलाप अघि बढाएको इस्लामिक स्टेट (आईएस) का गतिविधि पाकिस्तान, अफगानिस्तान, बंगलादेश, यमन, टर्कीसहित कतिपय युरोपेली देशमा समेत आफ्ना गतिविधि गरिरहेका छन् । आर्थिक स्रोत र प्रविधिका हिसाबले आईएस यति मजबुत बनेको छ कि युरोप र अमेरिकामा उसका अपरेटिब्स छन् । सन् २०१४ देखि इराक र सिरियाको ठूलो क्षेत्रलाई कब्जामा लिएको आईएस भलै पछिल्ला समयमा भएको चौतर्फी कारबाहीपछि केही साइजमा आएको र संख्यात्मक हिसाबले कमजोर बनेको अनुमान गरिएको छ । तर, यो अमेरिका र कुनै पनि अन्य देशमा पनि क्षति गर्नका लागि काफी छ । आईएसमात्रै होइन आज अलकायदा पश्चिमा शक्तिका लागि घाँटीमा अड्किएको हड्डी बनेको छ । ओसामा बिन लादेन मारिएपनि आज पनि यसका गतिविधि फिलिपिन्सदेखि अफ्रिकासम्म फैलिएको छ । सन् २००१ सेप्टेम्बर ११ मा ट्विन टावर र पेन्टागन आक्रमण गर्ने तालिबान कुनै पनि समयमा खतरा बन्न सक्ने कुरालाई नकार्न सकिदैन । आज संसारमा हुने दुई पक्षीय र बहुपक्षीय वार्ता, सम्मेलनमा आतंकवाद नियन्त्रण मुख्य विषय बन्ने गर्दछ । तर अहिले पनि मध्यपूर्वका कतिपय देशमा आतंकवादीको ठूलो प्रभाव रहेको छ । संसाबार आतंकवाद नियन्त्रणको साझा प्रतिवद्धता जनाउनेले यसलाई स्विकार गर्नुपर्दछ किनकी यो नै वास्तविकता हो । अमेरिकी अधिकारीहरु एक दिन आईएसले जरुर हार्ने दाबी गर्दछन् । यसका लागि अमेरिकाले आतंकवाद विरुद्धको कारबाहीलाई जस्तोसुकै अवस्थामा अघि बढाउने र आतंकवादीलाई नै फुटाएर सिध्याउने जुनसुकै उपाय अवलम्बन गर्न सक्दछ । जतिबेला आतंकवादी संगठनहरु लामो समय चुप लागेर बस्छन्, त्यसैबेला ठूला आक्रमणका योजना बनाएर आक्रमण गरेको पाइन्छ । आतंकवादी संगठनहरु आम सर्वसाधारणजस्तै उनीहरुसँगै मिसिएर पनि बसिरहेका हुन्छन् । त्यसकारण आतंकवादी लडाकु समूहमात्रै होइन आतंकवादी विचारधारा जहिले पनि खतरनाक नै हुन्छ । आतंकवादका कारण मारिनेमा मुस्लिमहरुकै संख्या बढी छ । तर, अहिले अमेरिकामा एउटा आवाज जबरजस्त रुपमा अघि आएको छ कि अमेरिकाको पहिलो काम आफूलाई सुरक्षित राख्नु हो । संसारको चौकीदारी गर्नु होइन । कतिपयको तर्क छ, 'जब संसार सुरक्षित रहँदैन भने अमेरिका एक्लै कसरी सुरक्षित रहन सक्छ ।'

**१५ वर्षपछि साउदीविरुद्ध विधेयक पास**

अमेरिकामा अलकायदा आक्रमणको ठीक १५ वर्ष पुग्दा साउदी अरब विरुद्ध मुद्धा लगाउन सक्ने विधेयक अमेरिकी संसदका दुवै सदनबाट पारित भएको छ । सेप्टेम्बर ११ को आक्रमणमा चारवटा विमान अपहरण गरी पेन्टागन र ट्विन टावरमा ठोक्काउन १९ जना सहभागी भएका थिए । ती मध्ये १५ जना साउदी अरबका नागरिक थिए । साउदी अरबविरुद्ध पीडितका परिवारले मुद्धा चलाउन स्विकृति दिने विधेयक अब अमेरिकी राष्ट्रपति बाराक ओबामासँग जानेछ । उनले स्विकृति दिएमा पीडितका परिवारले साउदी अरब विरुद्ध मुद्धा चलाउन पाउने छन् नदिएमा भने अहिले नै यसै भन्न सकिन्न । किनकी ओबामा स्वयम भने यो विधेयकको विपक्षमा रहेका छन् । उनले साउदी विरुद्ध मुद्धा लगाउने विधेयक पारित भएमा अमेरिकाविरुद्ध पनि थुप्रै मुद्धा लाग्ने बताउँदै आएका छन् । राष्ट्रपतिका रुपमा अब करिब साढे ३ महिना रहने ओबामाले विधेयक विरुद्ध भिटो प्रयोग गरेमा यो विधेयक पुनः कंग्रेसले अघि बढाउन सक्नेछ । ओबामाकै डेमोक्रेटिक पार्टीबाट राष्ट्रपति पदका लागि उम्मेदवार बनेकी हिलारी क्लिन्टन भने यो विधेयकको पक्षमा रहेकाले पनि आगामी कार्यकालमा गएर भने साउदी विरुद्धको विधेयकले कुनै हालतमा पनि पूर्णता पाउने देखिन्छ । त्यस्तो अबस्थामा लामो समयदेखि सहकार्य गर्दै आएका साउदी र अमेरिकाबीच औपचारिक रुपमा तनावको वातावरण सिर्जना हुनसक्छ । मध्य एसियामा साउदी अमेरिकाको सबैभन्दा ठूलो र महत्वपूर्ण सहयोगीमध्ये एक हो । हज यात्राको तयारीमा रहेको साउदी अरबले अमेरिकी कंग्रेसबाट पारित विधेयकबारे केही प्रतिक्रिया दिएको छैन, तर उसले आफूविरुद्धको विधेयक पारित भएमा अमेरिकामा रहेको आफ्नो अरबौ डलरको लगानी फिर्ता लिने यसअघि नै चेतावनी दिइसकेको छ ।

अन्त्यमा, अमेरिकामा आतंकवादको जन्म र मृत्यु दुवै हुन्छ । किनकी अमेरिकाले आफ्नो स्वार्थका लागि विश्वका सबै प्रकारका व्यक्तिलाई प्रयोग गर्दै आएको छ । इराकी राष्ट्रपति सद्दाम हुसेनदेखि ओसामा बिन लादेन र अहिले आइएसका प्रमुख रहेका अबु बकर अल बगदादीसमेत अमेरिकाको लामो सहयोग पाएका व्यक्ति हुन् । अहिले पनि अमेरिकामा मुस्लिम धर्मप्रति घृणा फैलाउने काम भइरहेको छ । हाल रिपब्लिकन पार्टीको राष्ट्रपतिको उम्मेदवार रहेका डोनाल्ड ट्रम्पले सार्वजनिक रुपमा नै मुस्लिम समूदायलाई आरोपित गर्ने काम गरेका छन् । संसारमा आज जनि पनि आतंकवादको जन्म भइरहेको त्यसमा पश्चिमा शक्तिको हात रहेको छ । आज इराक र सिरियासहित मध्य पूर्वमा जुन प्रकारको आईएसको आतंक मच्चिएको छ, त्यसमा पश्चिमा शक्ति नै बढी जिम्मेवार छन् । ग्वान्टानामो बन्दीगृहदेखि विभिन्न मुस्लिम राष्ट्रमा अमेरिकाले सञ्चालन गरेको आतंकवाद विरोधी अभियानले नै प्रतिआतंकवादलाई जन्माइरहेको छ । केही दिनअघि ट्रम्पले ओबामालाई आईएसको संस्थापक भएको आरोप लगाए । यो उनको चुनवा जित्ने नारा हो । तर, वास्तविकतालाई नियाल्ने हो भने अमेरिकी र पश्चिमा शासकवर्गको रबैयाले नै आतंकवाद जन्माउन मद्दत गरिरहेको छ । आतंकवादको कुनै राजनीतिक धर्म हुँदैन । आतंकवाद आतंकवाद नै हो । तर आतंकवाद र राजनीतिक आन्दोलनलाई समेत छुट्याउन नसक्ने अमेरिकी आतंकवादले विश्वमा ठूलो समस्या सिर्जना गरेको छ । आतंकवाद नियन्त्रणको नाममा अमेरिका र पश्चिमा राष्ट्रले संचालन गरेको गतिविधि रोक्नु नै आतंकवाद नियन्त्रणको पहिलो कदम हुनेछ ।

(**एजेन्सीको सहयोगमा**)

## साहित्य

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# आदर्श रक्षाको चुनौती र इच्छुक साँस्कृतिक प्रतिष्ठान

"घनघोर कालोनीलो तुफानपूर्वको सन्नाटाका वीच वलिरहेको इच्छुक आदर्शको दियोलाई निभाउन चक्रव्युहको रचना भइरहेछ । आँधी र हुरी चलाइएको छ-त्यसविरुद्ध । त्यसैकारण हामी हिंजो जनयुद्धमा लडेकाहरुलाई संशोधनवादी, सुधारवादीहरुले हीनतावोध हुनेगरी अपमानित र तिरष्कृत गरिरहेका छन् । वहिष्करणमा पारेका छन् । यो इच्छुकको आदर्शमाथिको बुझिने, देखिने, जानिने आक्रमण हो ।




ईश्वरचन्द्र ज्ञवाली

भर्खरै इच्छुक साँस्कृतिक प्रतिष्ठानको साधारणसभा सम्पन्न भएको छ । इच्छुक प्रतिष्ठान प्रगतिशील धाराको साँस्कृतिक-साहित्यक धरोहर हो, विशेषतः माओवादी धाराको । किनकि, जनयुद्धमा वलिदान गर्ने साहित्यिक व्यक्तित्व कवि इच्छुकको नाममा यो स्थापित छ । इच्छुकका आदर्श अनुरुप सञ्चालन गर्ने ध्येयले नै यो स्थापित गरिएको हो । सम्भवतः सिंगो जनयुद्धको एउटा स्थापित स्मारकको भूमिका यसले पूरा गर्नुपर्नेछ । यसले समाज रुपान्तरणको कठोर यात्राको इतिहासलाई भण्डारण गर्ने जिम्मा पनि लिनु छ । सर्वहारा वर्गको मुक्तिको सपना बोकेर ताता गोली सहर्ष हृदयमा थाप्ने महान् सहिदका आदर्शको मूल्यलाई पनि यसले बोक्नु पर्नेछ । सर्वहारा साँस्कृतिक क्रान्तिको उद्देश्यको विस्तार र व्यापकताको अभिभारा पनि यसको काँधमा छ ।

मान्छेहरु भन्ने गर्छन्–इच्छुक साँस्कृतिक प्रतिष्ठान जनताबाट स्थापना भएको समानान्तर प्रज्ञा प्रतिष्ठान हो । त्यसैले यसमाथि धेरैका आँखा गडेका पनि छन् । हो, माओवादी कला, साहित्य, गीत, संगीत, चलचित्र आदिको श्रीवृद्धिमा यसले खेल्नुपर्ने भूमिका गहन छ । अहम् मूल्यको छ । किनकि, कुनै पनि पछौटे सत्ताले उत्पीडित वर्गको पक्षमा कला साहित्यको प्रवर्द्धन गर्न कहिल्यै सक्दैन, गर्दैन । त्यसको प्रवर्द्धन त जनताका पक्षधर साहित्यकर्मीले गर्ने हो । हामी इच्छुक प्रतिष्ठानसित सम्बद्ध साँस्कृतिककर्मीहरुले त्यो अभीष्ट पूरा गर्ने हो । त्यसैले त प्रखर सौन्दर्य चिन्तक चैतन्यले इच्छुकको साधारण सभामा उद्घोष गर्नु भो–इच्छुकका आदर्श, सहिदका आदर्श, जनताका र देशका आदर्श लाई पूरा गर्ने संकल्प र अभिभारा हामी इच्छुकका अनुयायीले लिनै पर्छ । क्रान्तिको कार्यभार पूरा भएको छैन । इच्छुक प्रतिष्ठानले क्रान्तिकारी परिवर्तन र संघर्षको पक्षमा अभिमत र चेतना सिर्जना र विस्तार गर्न पहल लिनु पर्छ । अर्को क्रान्तिको पूर्णताका लागि नयाँ जागरण पैदा गर्नु पर्छ"। यो सन्देश ज्यादै गहिरो छ । यसैसित इच्छुकको साइनो पनि छ । इच्छुक लगायत लगभग २०० जनाले साँस्कृतिक फाँटबाट वलिदान दिएका हुन्–जनयुद्धमा । प्लाटुन, कम्पनी र बटालियन स्तरसम्म उठेको साँस्कृतिक आन्दोलनको यो अथक, अविरल, उदात्त यात्राको उत्तुंग जोस र साहसको कीर्तिमान इच्छुकहरुले नै कायम राखे । उनलाई शब्द र कर्मको एकत्वका रुपमा व्याख्या गरिन्छ । इच्छुकको उदात्त चिन्तन, उदात्त भाव र उदात्त हृदयको सबैले मुक्तकण्ठले प्रशंशा गर्छन् । त्यसो गर्नुको पछाडि उनको आदर्श र आचरणवीचको मेल मूल कारक बनेको छ । उनले जे बोले त्यो व्यवहारमा अभिव्यक्त भयो । त्यहाँ एउटा इमान्दारिता थियो । त्याग र समर्पण थियो । नैतिक आदर्श र सरलता तथा सादगी थियो । त्यो नक्कली क्रान्तिकारिता थिएन । भ्रष्ट चरित्र तर उत्तम आदर्शको पाखण्ड पनि थिएन । त्यो जनताको र देशको पक्षमा समर्पित अभिमन्यू थियो । सधै धरातलमा टेकेर हिंड्ने जनदिशा समातेको एउटा क्रान्तिकारी आदर्श थियो– इच्छुक । जसमा सर्वहारा साँस्कृतिक चरित्र थियो । त्यही इच्छुकलाई प्रतिक मानेर सम्पूर्ण साँस्कृतिक सहिदहरुकै प्रतिबिम्बनको प्रतिक बनेको छ-इच्छुक साँस्कृतिक प्रतिष्ठान ।

जनयुद्धका सबै अवशेष मेटाउन, त्यसको इतिहास नै सिध्याउन, त्यसको गन्तव्यलाई भत्काउन अहिले लागि परेका छन्-पश्चगामीहरु । त्यसैले इच्छुक सबैको घेराबन्दीमा छ । अथवा यसो भनौ. क्रान्तिको दियोका वरिपरि आँधी र हुण्डरीले घेरिरहेको छ । ताकि यो निभोस् सदाको लागि र हाइसञ्चो होस् । नरहे बाँस नबजे वाँसुरी । यसको सानो झिल्को पनि बाँकी नरहोस् र सबै सुधारवादी बनुन्, सबै सत्ताको उपभोगमा लागुन् । सबै संशोधनवादी बनुन् अथवा देखावटी क्रान्तिकारी बनुन् जसले क्रान्तिका नाममा क्रान्तिलाई नै सिध्याउँछ । क्रान्तिकारी आवरण भिरेर क्रान्तिलाई नै असम्भव वा अतिरञ्जनाको वस्तु बनाउँछ । वा निम्नपुँजीवादीले झैं क्रान्तिलाई शीघ्रप्राप्य कुनै वस्तु झैं ठान्छ र तात्तातै खाई सिध्याउने एक प्लेट मःमः झैं सम्झन्छ । यस्ता सबैखाले प्रवृत्तिको मिसिने त्रिवेणी सत्ता नै हो यही पुरानो सत्ता । चाहे त्यो आधा-आधा होस् वा चौथाइ-चौथाइ । सामन्तवादी सत्ताको समूल अन्त्य नभई यो देश न त पूर्ण स्वाधीन हुन सक्छ न त पूर्ण जनतान्त्रिक । तर अहिले लोकतन्त्र र संसदवादको दलदलमा डुबेर केही हिंजोका माओवादीहरु सबथोक प्राप्त भएको बहाना गरिरहेका छन् । त्यही संसदवादी, सुधारवादी, अवसरवादी बाटो समातेर उनीहरु क्रान्ति पूरा भएको हौवा पनि पिटिरहेछन् । उनलाई संसदीय सत्ताको सुखभोग प्राप्त भएपछि क्रान्ति पूरा भएको भनिएको छ । हामी इच्छुकका अनुयायीहरु यीसँग पनि लड्नु पर्ने अवस्था सिर्जना हुनेछ । आखिर वर्गमुक्ति र सत्यको बाटो रोजेपछि सबै पथविचलितहरुसँग संघर्ष नगरी सुख कहाँ पाइन्छ र ? अन्ततः वर्गमुक्तिको युद्धमा जब दोहोरो भीडन्त सुरु हुन्छ, उनीहरु पनि प्रतिक्रियावादी कित्तामै सामेल हुन पुग्नेछन् । यही सत्य हो । त्यसैले इच्छुकका आदर्शलाई चारैतिरबाट घेराबन्दीमा पारिएको छ । प्रतिक्रियावादी, संशोधनवादी, सुधारवादी, साम्राज्यवादी, विस्तारवादी सबैको घेरावन्दीमा छ- इच्छुकको आदर्श । त्यसलाई बचाउनु छ ।







प्लाटुन, कम्पनी र बटालियन स्तरसम्म उठेको साँस्कृतिक आन्दोलनको यो अथक, अविरल, उदात्त यात्राको उत्तुंग जोस र साहसको कीर्तिमान इच्छुकहरुले नै कायम राखे । उनलाई शब्द र कर्मको एकत्वका रुपमा व्याख्या गरिन्छ । इच्छुकको उदात्त चिन्तन, उदात्त भाव र उदात्त हृदयको सबैले मुक्तकण्ठले प्रशंशा गर्छन् । त्यसो गर्नुको पछाडि उनको आदर्श र आचरणवीचको मेल मूल कारक बनेको छ ।


घनघोर कालोनीलो तुफानपूर्वको सन्नाटाका वीच वलिरहेको इच्छुक आदर्शको दियोलाई निभाउन चक्रव्युहको रचना भइरहेछ । आँधी र हुरी चलाइएको छ-त्यसविरुद्ध । त्यसैकारण हामी हिंजो जनयुद्धमा लडेकाहरुलाई संशोधनवादी, सुधारवादीहरुले हीनतावोध हुनेगरी अपमानित र तिरष्कृत गरिरहेका छन् । वहिष्करणमा पारेका छन् । यो इच्छुकको आदर्शमाथिको बुझिने, देखिने, जानिने आक्रमण हो । तर स्वघोषित एकदुई बुज्रुग "क्रान्तिकारी-वौद्धिकहरु" इच्छुक प्रतिष्ठान विरुद्ध लुकेर तीर हानिरहेका छन् । ज्यान छाडेर लागिरहेका छन् । उनीहरु कहिले कपोलकल्पित भ्रष्टाचारका कुरा गर्छन्, कहिले भ्रष्टीकरणका कुरा गर्छन्, कहिले अख्तियारमा गोप्य उजुरी हाल्छन् । वर्गदुश्मनको भूमिकामा उत्रेर, वर्गदुश्मनकै सत्ताका अवयवहरु प्रयोग गरेर, इच्छुकका अनुयायी विरुद्ध खनिनु आश्चर्य लाग्दो छ । वर्गशत्रुका काँधमा चढेर इच्छुकका विरुद्ध तीर चलाउनु आदर्शविरुद्धको प्रहार हो भन्ने सबैले बुझेका छन् ।

प्रतिवर्गका विरुद्ध एक शब्द पनि कहिल्यै नबोल्नेहरु सँधै इच्छुकका आदर्शमाथि किन प्रहार गर्छन् ? उनको उद्देश्य जानी नसक्नु छ । त्यसो त इच्छुक ज्युँदो छँदा पनि उनीहरुले यसै गरी घेरा हाले । भनिन्छ अहिले अख्तियारमा उजुरी हाल्नेले नै इच्छुकलाई पक्राउनमा महत्वपूर्ण क्रियाशीलता देखाएका थिए । यो मेरो भनाइ होइन, आम मानिसवीच चलिरहेको चर्चा हो । इच्छुककै वरिपरि घुम्ने तीनजना पत्रकारले नै इच्छुकलाई बोलाएर पक्राएको चर्चाको अन्त भएको छैन । अहिले फेरि तिनैले इच्छुकको भजनगान गरेर प्रायश्चित्त गर्न खोजिरहेका छन् । इच्छुकका नाममा पुस्तक संकलन, प्रकाशन गरेर व्यापार गरिरहेछन् । इच्छुकको नाम जप्दै इच्छुककै आदर्श विरुद्ध प्रहार केन्द्रित गरेका छन् । यसरी इच्छुक प्रतिष्ठानलाई कुण्ठाग्रस्त 'क्रान्तिकारी'ले पनि घेरावन्दी गरिरहेका छन् । तसर्थ इच्छुकका आदर्श र इच्छुक प्रतिष्ठान दुवै यरिखेर घेरावन्दीमा छन् भन्दा धेरै हुँदैन । अर्थात् माओवादी विचार घेरावन्दीमा छ । अभिमन्यूलाई झैं चक्रव्यूहमा पारेर चारैतिरबाट यसलाई सिध्याउने प्रयास जारी छ । तर हामीले त्यो आदर्शलाई जसरी पनि जोगाउनै पर्छ । हामी त्यही अभियानमा छौं । हामी आदर्शको मृत्यु, सपनाको मृत्यु हुन नदिन कृतसंकल्पित भएर फेरि पनि आँधी बेहरीका वीचमा विचारको दियो जोगाउन संघर्ष गरिरहेका छौं । कोही क्रान्तिकारी खोलमा प्रहार गर्छन्, कसैले खुला हमला गर्छन् । कोही मोर्चावन्दी गरेर आक्रमण गर्ने खेलमा छन् । यी सबैलाई हामीले चिनेका छौं । चाहे जुन खोलमा होस् । इच्छुकका आदर्श विरुद्ध उँभिनेहरु गलत नै हुन् । देश-जनताविरोधी शक्तिहरुलाई पराजित गरेर, वर्गमुक्ति अभियानविरुद्ध लागेकाहरुलाई परास्त गरेर मात्रै हामी इच्छुकका आदर्शलाई जीवित राख्न सक्छौं । इच्छुक प्रतिष्ठानको भर्खर सम्पन्न सभाले त्यही निर्देशन दिएको छ । क.चैतन्यको भनाइको सार पनि त्यही थियो । यो सत्यलाई सबै सदस्यहरुले पनि मनन गरिरहेका छन् । जेहोस् इच्छुक मरेर गएपनि उनका आदर्शको स्मारकका रुपमा प्रतिष्ठानलाई स्थापित गर्न र अघि बढाउन सबै लागि परौं ! अन्ततः इच्छुकका आदर्शको विजय अनिवार्य छ ।

### कविता

## दिन्नौ मर्न क्रान्तिका सपनाहरु

■ हस्तबहादुर केसी



दिन्नौ मर्न हामी
क्रान्तिका सपनाहरु
क्रान्ति हाम्रो आस्था हो
क्रान्ति हाम्रो विश्वास हो
क्रान्ति हाम्रो लक्ष्य हो
क्रान्ति हाम्रो जीवन हो
त्यसैले
हामी मर्न दिन्नौ
क्रान्तिका सपनाहरु

जनता मुक्ति चाहन्छन्
राष्ट्र स्वाधिनता चाहन्छ
हामी क्रान्तिकारी हौं
हामी यिनको नेतृत्व गर्न चाहन्छौं
हामीविना न जनताको मुक्ति हुन्छ
हामी बिना न राष्ट्रले स्वाधिनता पाउँछ
त्यसैले हामीले
क्रान्तिकारी बाटोमा सलबलाउन पर्छ
रातादिन क्रान्तिको बाटोमा कुद्नु पर्छ
उकालो र ओरालो भन्ने छैनौं हामीले
अप्ठ्यारो र सप्ठ्यारो मान्ने छैनौ हामीले
किनकि
हामीले वर्षौं देखि
हावाहुरी र वताससँग
पौठेजोरी खेल्दै आएका छौ
हजार पहाड चढेका
हजार जँघार तरेका
क्रान्तिकारी सिपाहीहरुका
असल अनुयायी हौ हामीहरु
त्यसैले
हामीसित क्रान्तिको अनुभव छ
हामीसित क्रान्ति गर्ने कौशल छ
हामीसित क्रान्ति गर्ने आँट र जोस छ
वर्ग वैरीसँग
नफुक्ने नडर्ने
अटल भावना छ हामीसित
दृढ विश्वास छ हामीसित
पार्टी भित्र थुप्रिएका फोरमैला
कुचो लगाएर बढार्ने
सीप छ हामीसित
पार्टी भित्र घुसेका अवसरवादी
र विजातीय तत्वहरुलाई
दुधमा परेको झिंगालाई
टिपेर फाले झै
फाल्ने आँट र विचार छ हामीसित
हजार बलिदान देखि
नडराउने आँट छ हामीसित
त्यसैले त
हामी क्रान्तिकारी हौं
क्रान्तिकारीका नाताले
पाइ पाइ गरि हामीले
चुक्ता गर्ने छौं
वर्ग दुश्मनहरुबाट
महान क्रान्तिका लक्ष्यहरु
हजार बाधा देखि
डराउने छैनौं हामी
लाखौं सुविधा देखि
लोभिने छैनौ हामी
कसैका सामु पनि
कदापी झुक्ने छैनौं हामी
किनकि हामी क्रान्तिकारी हौं
त्यसैले
हामी क्रान्तिका सपनाहरु देख्न छोडने छैनौ
क्रान्तिका सपनाहरु मर्न दिने छैनौं ।
मार्क्स–एङगेल्स, लेनिन, स्टालिन, माओले
भन्ने गर्दथे
"क्रान्तिका सपना देख्न छोड्नु हुन्न"
हामी तिनका यी उक्तिहरुलाई
जीवनभर भूल्ने छैनौ
किनकी
हामी पनि क्रान्तिका सपना देख्ने
उनीहरुकै अुनयायि र क्रान्तिद्रष्टा हौं ।

## क्रान्तिकारी "संयुक्त ...

रक्षाका लागि जनताले संगठित र सशक्त संघर्ष अघि बढाउनु पर्दछ । व्यापक जनताको संगठित र एकताबद्ध संघर्षबाट मात्र आर्थिक, राजनीतिक, सामाजिक आमूल परिवर्तनको लक्षलाई हासिल गर्न सकिनेछ । नेपाली काग्रेस, एमाले र मा.के. हिडेको संसदीय प्रजातन्त्रको बाटोबाट नभएर नयाँ जनवादी क्रान्तिबाट मात्र मुलुक र जनताले मुक्ति र समृद्धिको जीवन जिउन सक्नेछन् ।

उपरोक्त तथ्यहरुलाई ध्यानमा राखेर ने.क.पा.(क्रान्तिकारी माओवादी)ले क्रान्तिका तीन जादुगरी हतियारमध्ये एक क्रान्तिकारी "संयुक्त मोर्चा समिति"को निर्माण गरेको हो । यसको काम आम नेपाली जनतालाई उनीहरुको शक्ति र भूमिकाबारे सचेत पार्ने, उनीहरुको संघर्ष र संगठनलाई जनवादी क्रान्तिको भावनाले अभिप्रेरित गर्ने हुनेछ । सम्पूर्ण देशभक्त तथा जनवादी शक्तिहरुलाई संघर्षको झण्डामुनि एकताबद्ध पार्नु, संयुक्त जनसंघर्षहरुको निर्माण र विकास गर्नु र राष्ट्रियता, जनतन्त्र र जनजीविकाको पक्षमा व्यापक जनआन्दोलनको निर्माण गर्नु यो वैधानिक मोर्चाको प्रमुख काम हुनेछ ।

**यो मोर्चाले क्रान्तिलाई कसरी सघाउँछ ?**

» जनताको जनवादी सत्ताको स्थापना पछि मात्र विद्यमान अन्यायपूर्ण सामाजिक आर्थिक संरचना खत्तम पारी नयाँ सामाजिक आर्थिक संरचनाको निमार्ण कार्यको साचो अर्थमा थालनी हुनसक्छ भन्ने हाम्रो पार्टीको दृष्टिकोण र विश्वास भएकोले पार्टीको नेतृत्वमा संचालित यो मोर्चाले सच्चा जनसत्ता स्थापनाको दिशातर्फ जनसंघर्षलाई निर्देशित गर्नुपर्ने छ ।

» पार्टीले वर्तमान चरणमा जनताको (नयाँ) जनवादी क्रान्ति पुरा गरी स्वाधीन तथा समृद्ध नेपाल निर्माण गर्ने कार्यलाई प्रमुख उद्देश्य बनाएको छ । यो न्यूनतम रणनीतिक उद्देश्य पुरा गर्नका लागि क्रान्तिका तीन जादुगरी हतियार-पार्टी, सेना र संयुक्त मोर्चाको-गतिमान व्यवस्थापनको आवश्यक्ता पर्दछ । उक्त उद्देश्य अनुरुप मोर्चाले साम्राज्यवाद, विस्तारवाद, सामन्तवाद र दलाल पुँजीपति विरुद्ध सशक्त आन्दोलन निर्माण र विस्तार गर्न देशभक्त तथा जनवादी शक्तिहरुको व्यापक संयुक्त मोर्चाको निर्माण गर्नुपर्नेछ ।

» मोर्चाले अन्याय, भ्रष्टचार, श्वेत्त आतंक, शोषण उत्पीडनका विरुद्ध गरिने जनकार्वाही र संघर्षहरुलाई समर्थन र सहयोग गर्ने तथा मिल्न सक्ने सबैसित मिलेर अघि बढ्नु पर्नेछ ।

» साम्राज्यवाद, विस्तारवाद र प्रभूत्ववाद-विरोधी विश्वका जनताको एकताको पक्षमा सक्रिय रहनु पर्नेछ ।

» दक्षिण एशियामा भारतीय शासकवर्गको विस्तारवादी नीति तथा क्रियाकलापको विरुद्ध व्यापक संयुक्त मोर्चाको निर्माणको लागि प्रयास गर्नु पर्नेछ ।

» मोर्चाले परिस्थितिको मागअनुशार संघर्षका विभिन्न रुपहरु र तरिकाहरुको प्रयोग गर्नु पर्नेछ ।

» विगत जनआन्दोलन र सशस्त्र संघर्षहरुबाट प्राप्त अधिकारहरु र बैधानिक अबसरहरुलाई श्रमजीवी जनताको (वर्गीय) चेतना जगाउने र जनआन्दोलनको विकास र विस्तार गर्ने उदेश्यबाट उपयोग गर्न जान्नु पर्नेछ ।

» स्थानीय निर्वाचन, संसदीय निर्वाचन र संसदको पनि क्रान्तिको हितमा उचितरुपबाट उपयोग गर्न (परिस्थिति अनुसार वहिस्कार गर्न) आवश्यक पर्नेछ ।

**विट मारनी**

विगतका जनआन्दोलनहरुको मारले गर्दा पछि हट्न बाध्य भएका पुनरुत्थानवादी तत्वहरु, जनआन्दोलनमा लतार्रियर आएका यथास्थितिवादीहरु र तीनका अगाडि घुडा टेक्नेहरुले विदेशीको निर्देशनमा प्रतिगामी संविधान निर्माण गर्न सफल भएका छन् । तसर्थ वर्तमान प्रतिकृयावादी राज्यसत्ता, संविधान र संसदको भण्डाफोर गर्न तथा राष्ट्रिय स्वाधीनताको रक्षागर्न मुलुकका सबै देशभक्त वामपन्थी र जनवादी शक्तिहरुले आफ्ना शक्तिहरुलाई संघर्षमा एकताबद्ध भई अघि बढ्नुपर्ने र व्यापक जनआन्दोलन गर्नुपर्ने आबश्यकता छ । संयुक्त मोर्चा समितिले उपरोक्त सबै शक्तिहरुलाई एकतावद्ध गर्न सकोस । साथै भ्रष्टचार, कमिशनखोरी, महंगी, कालाबजारीको विरोध र भूकम्प पीडितहरुका लागि पुनर्निर्माणको व्यवस्था लगायतका विषयलाई लिएर पनि संघर्षको कार्यक्रम दिन सकोस् । शुभकामना !!

# दलित मुक्ति मोर्चा काभ्रेमा टेकबहादुर वि.क.

**बनेपा ।** नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट नेपाल दलित मुक्ति मोर्चा काभ्रेको अध्यक्षमा टेकबहादुर विश्वकर्मा चुनिएका छन् । २५ भदौंमा काभ्रेको बनेपामा सम्पन्न भेलाले विश्वकर्माको अध्यक्षतामा २७ सदस्यीय जिल्ला सम्मेलन आयोजक समिति निर्माण गरेको छ । टेकबहादुरको सभापतित्व र जीवन मगरातीको सञ्चालनमा सम्पन्न भेलाको प्रमुख आतिथ्यता नेकपा क्रान्तिकारी माओवादीका केन्द्रीय सचिवालय सदस्य राम आचार्यले गरेका थिए भने मोर्चाका केन्द्रीय अध्यक्ष तथा पार्टीका केन्द्रीय सदस्य अमर परियारले विशेष आतिथ्यता ग्रहण गरेका थिए । कार्यक्रममा पार्टीका केन्द्रीय सदस्यहरु कान्छाराम तामाङ, स्वनामसिंह तामाङ, राज्य सदस्य गोपाल घिमिरे, राम नेपाली लगायतले शुभकामना मनतव्य दिएका थिए ।

## क्रान्तिकारी माओवादीले ...

गर्जेज जतिकै विद्युत् उत्पादन गर्न सक्छ ।" सैयौंको संख्यामा नेता कार्यकर्ताहरुको उपस्थिति रहेको उक्त कोणसभाको सञ्चालन पार्टीका नेवा राज्य इन्चार्ज दिनेश शर्माले गरेका थिए । 'असोज ३- कालो दिन, राष्ट्रघाती सम्झौताको खारजी गर, बढ्दो मूल्यवृद्धि नियन्त्रण गर, काला बजारीयाहरु होसियार' जस्ता नाराहरु ऱ्यालीमा लगाइएका थिए ।

यता बुटवलबाट वर्गदृष्टिका संवाददाताले पठाएको समाचार अनुसार क्रान्तिकारी माओवादीका केन्द्रीय सचिवालय सदस्य प्रेमनाथ सुवेदीले जनताको आन्दोलनबाटैं अपर कर्णाली परियोजना सम्झौता खारेज गर्ने बताएका छन् । उनले भारतीय कम्पनी जीएमआरले गरेको अपरकर्णाली सम्झैता खारेज गरेर नेपाली जनताले नैं त्यो परियोजना सम्पन्न गर्नुपर्नेमा जोड दिए । राष्ट्रिय स्वाधिनताको रक्षा र अपरकर्णाली सम्झौता खारेजीको माग गर्दैं क्रान्तिकारी माओवादीको रुपन्देही जिल्लले बुटवलको मिडियाचोकमा आयोजना गरेको विरोध सभालाई सम्बोधन गर्दैं सुवेदीले अपरकर्णाली सम्झौता खारेजीका लागि शसक्त आन्दोलनको खांचो रहेको समेत औल्याए । रुपन्देहीका पार्टी संयोजक भुलबहादुर सुनारीमगरको अध्यक्षता र सचिवालय सदस्य के.जी.कुमार पौडेलको सञ्चालनमा भएको कार्यक्रममा पार्टीको अवध राज्य समिति सदस्य टिपु सुल्तान, रुपन्देही क्षेत्र नं ५ का इन्चार्ज विनोद मरासनीलगायतले बोलेका थिए । कार्यक्रम पूर्व बुटवलको राजमार्ग चौराहस्थित लखनचोकबाट निकालिएको र्याली बुटवल बजार परिक्रमा गरि मिडियाचोकमा पुगेर सभामा परिणत भएको थियो । त्यस्तैं पार्टीले अवध राज्य समिति अन्तरगत कपिलवस्तु र नवलपरासीमा पनि विरोध सभा सम्पन्न गरेको छ ।

त्यसैगरी, थारुवान राज्यबाट प्राप्त जानकारी अनुसार त्यस राज्यन्तर्गत पर्ने बाँके, बर्दिया, कैलाली, कंचनपुर र दाङका जिल्लाहरुमा भारतीय कम्पनी जिएमआरसँग गरिएको माथिल्लो कर्णाली सम्झौता खारेजीको माग गर्दै विरोध ऱ्यालीसहित प्रदर्शन र विरोध सभा भएका छन् । प्राप्त जानकारी अनुसार बाँके र बर्दियाको संयुक्त विरोध सभा बाँकेको कोहलपुरमा सम्पन्न भयो । दुवै जिल्लाले संयुक्त रुपमा निकालेको ऱ्याली कोहलपुर बजार परिक्रमा गर्दै चौराहामा पुगेर सभामा परिणत भएको थियो । विरोध सभालाई पार्टीका केन्द्रीय सचिवालय सदस्य तथा थारुवान इन्चार्ज हर्कबहादुर शाहीले सम्बोधन गरेका थिए । 'नेपालीहरु आफैले निर्माण गर्दा २ रुपैयाँमा बाल्न पाइने बिजुली जिएमआरले गर्दा प्रतियुनिट १२ रुपैयाँ तिर्नुपर्ने भएकोले पनि यो राष्ट्रघाती सम्झौता भएकोले माथिल्लो कर्णाली सम्झौता खारेज गरिनु पर्दछ ।' उनले भने, 'तल्लो तटीय क्षेत्रमा बाँधिएका बाँधहरुले डुबानका समस्या बढाएकोले त्यस्ता बाँधहरु पनि भत्काइनु पर्दछ ।' सो विरोध सभाको सभापतित्व बाँकेका सेक्रेटरी उपेन्द्र शाहीले गरेका थिए भने संचालन बर्दियाका सेक्रेटरी दुर्गा खत्रीले गरेका थिए । सभामा विप्लव माओवादी र राष्ट्रिय जनमोर्चाका स्थानीय प्रतिनिधिहरुले पनि सम्झौताको विरोधमा बोलेका थिए । त्यसैगरी कैलाली र कंचनपुरले पनि संयुक्त रुपमा विरोध सभाको आयोजना गऱ्यो ।

त्यसैगरी दाङबाट प्राप्त समाचार अनुसार घोराहीको बिपी चोकबाट शुरु भएको जुलुश भानुचोकमा पुगेर कोणसभामा परिणत भएको थियो । कोणसभालाई सम्बोधन गर्दै नेकपा क्रान्तिकारी माओवादीका जिल्ला सेक्रेटरी अमर पोखेलले भारतले नेपाली शासकहरुलाई खरीद गरेर नेपालको जलस्रोत आफ्नो पक्षमा पार्न खोजेको भन्दै बिरोध गर्नुपरेको बताए । नेकपा क्रान्तिकारी माओवादी दाङका सचिवालय सदस्य मधुसूदन वैद्यले अपार जलस्रोत रहेको जलाशययुक्त अपर कर्णालीलाई नेपाली जनताकै लगानीमा बनाउनुपर्ने बताए । थारु राष्ट्रिय मुक्ति मोर्चाका महासचिव रामजी चौधरीले यो सम्झौता खारेज गरिएन भने कडा आन्दोलन गर्ने चेतावनी दिए । त्यहाँ उत्पादन हुने बिजुली सोझै भारतमा जाने भएकाले यसबाट नेपाललाई फाइदा नहुने वक्ताहरुको भनाई थियो । कार्यक्रम सञ्चालन जिल्ला सहसेक्रेटरी खम्बु चन्दले गरेका थिए ।

त्यसैगरी, जनकपुरबाट प्राप्त जानकारी अनुसार क्रान्तिकारी माओवादी धनुषाका सेक्रेटरी खेमराज यादवको अगुवाईमा गोपाल धर्मशालाबाट निस्केको जुलुस जनकपुर नगरको विभिन्न भागको परिक्रमा गर्दै कोणसभामा परिणत भएको थियो । आसमान सन्धि सम्झौता खारेज गर्नुपर्ने, सुकुम्बासी समस्या समाधान गर्नुपर्ने, आत्मनिर्णय तथा स्वशासनको अधिकारको सुनिश्चित हुनुपर्ने, पूर्ण समानुपातिकसहितको संघीय गणतन्त्रको स्थापना हुनुपर्ने, जनविरोधी सविधान खारेज गरि नुपर्ने जस्ता नाराहरु ऱ्यालीमा लगाइएका थिए । जनकपुरको जनक चोकमा भएको कोणसभामा पार्टीका केन्द्रीय सल्लाहकार शीत्तल कर्ण, रतन लाल, जवस मोर्चा ईन्चार्ज नन्दकुमार झा र युवा नेता शुशिल कर्ण लगायतकाले बोलेका थिए ।

मगरातको प्यूठानबाट प्राप्त समाचार अनुसार जिल्लामा विरोध सभा सम्पन्न भएको छ । कार्यक्रममा पार्टीका इन्चार्ज टीकाराम पौडेल र मोर्चाका केन्द्रीय सदस्य गोपाल नेपालीले अपर कर्णाली खारेज गरिनुपर्ने जोडदार माग गरेका थिए । कार्यक्रमको अध्यक्षता विक्रम नेपालीले गरेका थिए । मगरातका अन्य जिल्लाहरुमा पनि कार्यक्रम भएको जानकारी प्राप्त भएको छ ।

त्यसैगरी सेम, भेक, अवध, ताम्सालीङ, तमुवान, किरात, कोचिला, लिम्बुवान र भोजपुराका सबै जिल्लाले पनि विरोध प्रदर्शन गरेको खबर प्राप्त भएको छ ।

**खारेजी किन ?**

क्रान्तिकारी माओवादीले आफ्नो अवधारणामा भनेको छ, "यो परियोजना, परियोजना स्थलको भौगोलिक तथा प्राकृतिक सुगमता र अनुकूलताका कारण संसारकै सस्तो परियोजनाभित्र पर्दछ । साथै, यो परियोजनाको वास्तविक विद्युत् क्षमता कम्तीमा ४,१८० मेगावाट रहेको र यसबाट पुरै विद्युत् उत्पादन गर्न सकिने भएकोले बहुआयामिक जलाशययुक्त यस प्रकारको परियोजनाबाट सस्तो मूल्यमा विजुली उत्पादन गरेर राष्ट्रलाई समृद्ध बनाउन सकिन्छ । यस्तो बहुआयामिक जलाशययुक्त ४,१८० मेगावाट क्षमताको विद्युत्शक्तिको हत्या तथा ९०० मेगावाटको आयोजना निर्माण गरी भारतमा विजुली लगेवापत जीएमआरले नेपाल सरकारलाई सित्तैमा १२ प्रतिशत ऊर्जा र निःशुल्क २७ प्रतिशत शेयर (इक्विटी) दिने सम्झौता गरेर यो परियोजना भारतको जीएमआरलाई सुम्पिएको छ । विजुलीको उत्पादन नेपालमा हुने तर उपभोग चाहिं भारतमा हुने गरी विजुली राष्ट्रिय ग्रिडमा नजोडी सिधै विदेशमा लैजाने यो सम्झौताले नेपालको माथिल्लो र तल्लो तटीय क्षेत्राधिकारमा समेत दीर्घकालीन रूपले गम्भीर असर गर्नेछ । तसर्थ, भारतीय कम्पनी जीएमआरलाई बुझाएको सम्झौता यसप्रकारको परियोजनामा आधारित किमार्थ नेपालको राष्ट्रिय हितमा हुन सक्तैन र यसलाई अविलम्ब खारेज गरिनुपर्दछ ।"

**लगानी जुटाउन सकेनन् जिएमआर र एसजेभीएनले**

यसैबीच, निर्धारित समयमा लगानी व्यवस्थापन गर्न नसकेपछि माथिल्लो कर्णालीको जस्तै अरुण तेस्रो जलविद्युत् आयोजनाको प्रवर्द्धकले लगानी जुटाउन एक वर्ष समय थप्न प्रस्ताव गरेको छ । ८ वर्षअघि १८ सय मेगावाट बिजुली उत्पादन गरेर भारत निकासी गर्ने लक्ष्यका साथ नेपाल आएको जीएमआर अपरकर्णाली हाइड्रोपावर लिमिटेड र सरकारी स्वामित्वको एसजेभीएन दुवै आयोजना बनाउन असफल भएका छन् । दुवैको क्षमता ९/९ सय मेगावाट हो ।

निर्धारित समयमा लगानी जुटाउन असफल भएपछि करिब ७ महिनाअघि जीएमआर र हालसालै एसजेभीएनले एक वर्ष म्याद थप्न लगानी बोर्डलाई अनुरोध गरेका छन् । माथिल्लो कर्णालीमा जीएमआरले लगानी जुटाउनुपर्ने म्याद सकिन १५ दिनमात्र बाँकी रहँदा उनीहरुले यस्तो प्रस्ताव गरेका हुन् । त्यस्तै, अरुण तेस्रोमा एसजेभीएनको आगामी पुससम्मको म्याद छ ।

**जम्काभेट**

# आफ्नो हकहित र अधिकार प्राप्त गर्नका लागि संगठित हुनु आवश्यक



केशव सुवेदी

▶▶ *मजदुर आन्दोलनमा देखिएका समस्या के कस्ता छन् ?*

मजदुर आन्दोलनमा मजदुरहरुलाई सही रुपमा नेतृत्व गर्न नसक्नु, नेतृत्वको अकर्मण्यता, आन्दोलनलाई राज्यको दमन, मजदुर आन्दोलनको राज्यले सुनुवाई नगर्नु, ट्रेड युनियनको नेतृत्व सही नहुनु, मजदुरलाई ट्रेड युनियनको अधिकारको बारेमा बुझाउन नसक्नु, आन्दोलनमा घाइते भएकाहरुलाई सही उपचारको व्यवस्था मिलाउन नसक्नु, मजदुरलाई राज्यले दोस्रो दर्जाको नागरिक सरह व्यवहार पनि नगर्नु मजदुर आन्दोलनमा देखिएका समस्याहरु हुन् ।

▶▶ *माओवादी केन्द्र र विप्लव माओवादीतिर लागेको मजदुरहरुको स्थिति के कस्तो छ ?*

माओवादी केन्द्रका मजदुरहरु तीन वर्गमा छुट्टिएका छन् उच्च, मध्यम र निम्न वर्ग । माओवादी केन्द्रका नेताहरु आफू सत्तामा रहेर पनि आफ्नो पार्टीका मजदुरहरुलाई वास्ता नगर्नु, मजदुरहरुलाई दोस्रो दर्जाको रुपमा व्यवहार गर्नु, आवश्यकता पर्दा मजदुरलाई प्रयोगमा ल्याउनु र मजदुरहरुलाई दुःख पर्दा वास्ता नगर्नु, नेतृत्वले झुट कुरा बोल्नु, नेतृत्वको मुख्य अकर्मण्यताले गर्दा मजदुरहरु पीडा, कुण्ठा, निराशामा बाँचिरहेका छन् भने विप्लव माओवादीका मजदुरहरुको स्थिति पनि नेतृत्वको स्पष्टता नभएका कारण निराशा र पलायनता आएको देखिन्छ ।

▶▶ *क्रान्तिकारी मजदुर आन्दोलनमा आम मजदुरहरु आवद्ध हुन किन जरुरी छ ?*

आफ्नो हकहित र अधिकार पाउनका लागि, मालिकको दमनबाट बच्न, राज्यबाट पाउने सुविधा स्थापित गर्न, राज्यले दमन गरेका सबै मुद्दाहरुको समाधान हुने संभावना देखेमा, सही नेतृत्व, सही कार्यदिशा देखेमा मजदुरहरु संगठनमा आवद्ध हुन्छन् र त्यो आवश्यक पनि हो ।

**संक्षिप्त समाचार**

# कहिले रोकिने हो सीमामा भारतीय ज्यादती ?

**भीमदत्तनगर ।** सीमामा दिनदिनै भारतीय पक्षको नेपालमाथिको ज्यादती बढेर गएको छ । २५ भदौमा मात्र कञ्चनपुरको दोधाराचादँनी नगरपालिका-१० कुतियाकवरका स्थानीय तीनजनालाई भारतीय नागरिकले घरमै पसेर निर्घात कुटपिट गरेको समाचार प्राप्त भएको छ । प्राप्त समाचार अनुसार सिमावर्ती भारतीय गङ्गाली कलौनी गाउँबाट शुक्रबार राति नेपाली बस्ती कुतियाकवर पसेका करिब आठ/१० जनाको समुहमा आएका भारतीय नागरिकले उनीहरुमाथि आक्रमण गरेको इलाका प्रहरी कार्यालय दोधाराचादँनीले जनाएको छ ।

भारतीय नागरिकले स्थानीय तुलबहादुर सुनारको घरमा पसेर राति कुटपिट गरेका हुन् । कुटपिटबाट ५५ वर्षीय तुलबहादुर, उनका ३४ वर्षीय श्रीमती गीता र १५ वर्षीय नाति चन्दन घाइते भएका छन् । घाइतेलाई स्थानीय मेडिकलमा उपचार गरिएको छ । केही दिन अगाडि भारतीय युवाहरुले नेपाली चेलीको अस्मिता लुट्न खोजेको विषयलाई लिएर प्रहरीमा पीडित उजुरी गरेपछि भारतीय पक्षले मरणासन्न हुने गरी कुटपिट गरेको पीडितहरुको कथन छ ।

यसगरी, केही समयअघि बाराको बेलदारीस्थित प्रहरीचौकीका प्रमुख प्रहरी सहायक निरीक्षक जुगेश्वर यादवमाथि नै रक्सी खान नेपाल आएका भारतीयहरुले कुटपिट गरेका थिए । बाराको सीमावर्ती भारतीय गाउँ कोइलगाँवाबाट रक्सी आन आएका भारतीयहरुले प्रहरी सहायक निरीक्षक यादवलाई कुटपिट गरेका हुन् ।

चाडबाड नजिकिदै गर्दा वर्षभरि मजदुरी गरेर आउने नेपालीहरु सीमामा भारतीय पक्षबाट सँधै लुटिने गर्छन् । तर नेपालीहरुमाथि बढ्दै गएको ज्यादतीप्रति राज्य प्रशासन मौन छ । सीमामा सुरक्षा व्यवस्था फितलो हुँदा जनधनको असुरक्षा दिनदिनै विकराल बन्दै गएको छ । सीमामा सुरक्षा व्यवस्था कडा पार्न र नेपालीहरुको धनजनलाई सुरक्षित पार्न पो प्रधानमन्त्री प्रचण्डले रिस्क मोल्नु पर्ने हो कि !

# फेरि सुरु हुने भो डा.केसीको अनसन

**काठमाडौं ।** पछिल्लो पटक सरकारसँग गरिएका सम्झौता कार्यान्वयन नभएको भन्दै डा. गोविन्द केसीले फेरि असोज ३ बाट अनसन बस्ने भएका छन् । यो उनको नवौं पटकको अनसन हुनेछ । २५ भदौमा निकालेको प्रेस विज्ञप्तीमा उनले फेरि अनसन वस्नुपर्ने कारणबारे भनेका छन्, "नयाँ ऐन नआउन्जेल थप मेडिकल कलेजलाई सम्बन्धन नदिने सम्झौता विपरीत एउटा मेडिकल कलेजलाई सम्बन्धन दिलाउन चलखेल भएको मात्र हैन माथेमा कार्यदलको प्रतिवेदन कार्यान्वयनका क्रममा काठमाडौं उपत्यकाभित्र नयाँ मेडिकल कलेज नखोल्ने भनेर राज्यले स्वीकारिसकेको मान्यतालाई कुल्चेर एउटा नयाँ मेडिकल कलेजलाई सम्बन्धन दिलाउन अहिले चलखेल भइरहेको अवस्था छ । त्यस्तै लोकमानविरुद्ध दर्जनौं प्रमाणसहित भ्रष्टाचार र अख्तियार दुरुपयोग गरेको फेहरिस्त हस्तान्तरण गर्दा समेत संसदले महाभियोग त के सार्वजनिक महत्वको प्रस्तावमा छलफल गर्नसमेत सकेको छैन । वरिष्ठताका आधारमा तत्काल हुनुपर्ने आइओएमको डिन नियुक्ति महिनौंदेखि हुन सकेको छैन । चिकित्सा शिक्षा ऐन संसदमा अहिलेसम्म अघि बढ्न सकेको छैन । अघिल्लो साल आइओएमले काउन्सेलिङ गरेर मेरिटमा विद्यार्थी भर्ना गरेकोमा यसपल्ट मेडिकल माफियाको मिलेमतोमा काउन्सेलिङ नै रोक्ने र पहिले झैं मोलमोलाइको भरमा विद्यार्थी भर्ना गर्ने षड्यन्त्र भइरहेको छ ।"

**काठमाडौं तर्फ टिकट बुकिङ स्थानहरु**
सुनिल लामा – ९८५११३५५७३/९८४१०३८८६१
इन्चार्ज, कलंकी काउन्टर
जोरपाटी : ९८५१०४०३१५
नयाँ बसपार्क : ९८१८९६५६४१
स्वयम्भू : ९८५११३९९५९
कलंकी बाबा आयल : ९८४१०३८८६१
बागबजार : ९८२३२६०३१०
मैतीदेवी : ९८५११३९९५९
सुन्धारा : ९८५११३५५७३
बानेश्वर, शंखमुल : ९८१८५२१०३७
कोटेश्वर : ९८२३३०५८१२
ग्वार्को इमाडोल : ९८२३२६०३१०
सातदोबाटो : ९८४१०३८८६१
बल्खु : ९८२३३०५८११
कीर्तिपुर : ९८२३३०५८१२
थानकोट : ९८४१०३८८६१

**धौलागिरी अञ्चल तथा घोडाघोडी बस व्यवसायी समितिद्वारा संचालित**


A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

पोखरा, कुस्मा, फलेवास, बाग्लुङ गलकोट हटिया, बुर्तिबाङ, मुक्तिनाथ, दाङ तुलसीपुर, लुम्बिनी, नेपालगंज, सुर्खेत कालिकोट, जुम्ला, दैलेख, जाजरकोट, खलंगा दिल्ली, बनारासी साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकटको पनि व्यवस्था छ ।

फोन मार्फत् टिकट बुकिङ गर्नुको साथै घरदैलोबाटै पिक अप को राम्रो व्यवस्था मिलाएको छ ।

आलोपालो

# पुँजीवादी व्यवस्थाका विरुद्ध जाग्दो मजदुर आन्दोलन



■ ईश्वर तिमल्सिना

पुँजी भनेको मृत श्रम हो र यो रक्तपिपासु पिशाच जीवित श्रम चुसेर बाँचेको हुन्छ र जति बढी जीवित श्रम यसले चुस्दछ, त्यति बढी मोटाउँछ। कार्लमार्क्सको पुँजीवादी युगमा श्रमिकवर्गको श्रमको दोहन गरेर, श्रम चुसेर पुँजीपतिवर्गले कसरी आफ्नो मोटोपन कायम गर्दछ र आफ्नो प्रभुत्व र वैभव कायम गर्दछ भन्ने कुराको गहन अनुसन्धनात्मक अर्थशास्त्रीय संश्लेषण हो। जिउँदो र वास्तविक श्रम चुसेर श्रमिकहरुको विशाल हिस्सालाई मृत बनाई पुँजीलाई आफ्नो राजनैतिक, आर्थिक र सामाजिक क्षेत्रमा कसरी प्रभुत्व कायम गरिरहेको हुन्छ ? र त्यसबाट श्रमिकवर्गले मुक्ति प्राप्त गर्न के गर्नुपर्छ ? कम्युनिष्ट घोषणा पत्रमार्फत् मार्क्सले 'संसारका श्रमिकहरु एक हौं' भन्ने आव्हान गरेर व्यक्त गर्नुभएको छ। एकातिर पुँजीपतिवर्गले राज्यसत्तामा प्रभुत्व जमाएर श्रमिक वर्गमाथि शोषणको वैधानिकता हासिल कायम गरेर अनि पुँजीपतिवर्गका विविध संघ/संगठन गरेर श्रमिकवर्गको शोषणको जटिल संजाल निर्माण गर्दछ। फलतः श्रमिकहरुको विशाल शिविर क्रमसः निजी सम्पत्ति र जीविकाका साधरण आवश्यकता समेत गुमाएर सर्वहारा वर्गमा धकेलिन विवश हुन्छ। यो श्रम र पुँजीबीचको अन्तरविरोधबाट श्रमिकवर्गको बृहत् आन्दोलनको ढोका खोल्ने कारण बन्दछ।

देशमा श्रमिकवर्गको संघर्षको पनि लामो इतिहास छ। लामो संघर्षको पृष्ठभूमिका बावजूद श्रमिकवर्गले जीवनमा जे प्राप्त गर्नुपर्ने थियो, त्यो प्राप्त गर्न सकिरहेका छैनन्, बरु झन् झन् वर्ग धरातल खस्केर दैनिक जीवन समेत कष्टकर बनिरहेको छ भने अर्कोतिर पुँजीपतिवर्गले आफ्नो पुँजी र वैभवलाई गुणात्मक रुपमा बढाउदै लगिरहेको छ। परिणामतः एकातिर पुँजीतपतिवर्गको मुट्ठीभर हिस्सा अजीर्ण भएर मर्न र अर्कोतिर श्रमिकवर्ग भोक, अभाव र शोकले मर्नुपर्ने स्थितिको सिर्जना भैरहेको छ। राज्यसत्तामा पुँजीपतिवर्गको एकाधिकारका कारण श्रमिकवर्गलाई सामाजिक न्याय, ट्रेड युनियन अधिकार, रोजगारीको हक जस्ता न्यूनतम मानवोचित हकबाट समेत वन्चित हुनुपरेको छ।

मुट्ठीभर पुँजीपतिवर्गले श्रमिकवर्गको विशाल हिस्सालाई शोषणको जुवामुनि कैद गर्न सक्नुमा पुँजीपतिवर्गको योग्यता नभएर श्रमिकवर्गको कमजोरीका कारणले हो भन्ने कुरा ठीक ढंगले बुझ्न नसक्ने हो भने हामीले श्रमिक आन्दोलनलाई नेतृत्व गर्न सक्ने छैनौं। पुँजीपतिवर्गको सफलता पछाडिको रहस्य भनेको श्रमिक आन्दोलनमा खेलेर फूट पार्नु हो। अर्कोतिर, मजदुर वर्गको कमजारी भनेको पुँजीपतिवर्गले श्रमिक आन्दोलनमा कसरी खेल्छ र फूट पार्दछ भन्ने कुरा बुझ्न र त्यस प्रकारका योजनाहरुलाई कसरी ध्वंश पार्ने भन्ने कुरामा कुशलताका साथ अगाडि बढ्न नसक्नुमा रहेको छ।

खासगरी निजीकरण, उदारीकरण र भुमण्डलीकरणको विश्वव्यापी पुँजीवादले (साम्राज्यवाद)ले श्रमिकवर्गको दोहन गर्न र श्रमिक आन्दोलनमा उठेका बहस र विचारहरुलाई पुँजीपतिवर्गको हितअनुकूल हुने गरी फेर्नका लागि मजदुर आन्दोलनको नीति निर्माण तहमा आफ्नो परियोजनाहरु लागू गर्दछन्। खासगरी क्षिइ, ग्ल्क्ष जस्ता कथित संस्थाहरुद्वारा नेतृत्वलाई नजानिदो गरी खरिद गर्दछन्। मजदुरहरुको हितको नारा दिएर मजदुरवर्गीय आन्दोलनलाई समाप्त पार्नु यसको मूल अभिष्ट रहेको हुन्छ। मजदुर अगुवाहरुमा रहने कमजोर चेतना र निम्न पुँजीवादी मनोवृत्ति वा स्वार्थलाई प्रयोग गरेर विभिन्न परियोजना लागू गर्न प्रोत्साहन गर्दछन् र करोडौं रुपैंयाँ लगानी गरिरहेका हुन्छन्। नेतृत्वको मुख्य हिस्सालाई देश विदेशमा कथित तालिम, भ्रमण, शिक्षणका नाममा ती परियोजना सन्चालन गरिन्छ। मजदुरहरुको संघर्षको मुख्य मुद्दा वा विषयलाई विषयान्तर गर्न श्रमिक शिक्षाका नाममा विविध कार्यक्रमहरु पनि श्रमिकहरुको समूहमा लागु गर्नका लागि लगानी गरिरहेका हुन्छन्। बर्षौं लगाएर अरबौं रुपैयाँ लगानी गरेर श्रमिक अगुवा र केही मुट्ठीभर कार्यकर्ताहरुलाई आफ्नो प्रभावमा पार्दछन्। जब श्रमिकवर्गका नेतृत्वदायी हिस्सालाई पुँजीपतिवर्गको हित र सेवामा काम गर्न लायक बनाउछन्, तब श्रमिकवर्ग र नेतृत्वको बीचमा नयाँ वर्ग पैदा हुन्छ, त्यो नेतृत्व अभिजातवर्गमा बदलिन्छ, फलतः श्रमिक आन्दोलनको नेतृत्व तिनै अभिजातवर्गद्वारा पुँजीपतिवर्ग स्वयंले श्रमिक आन्दोलनको नेतृत्व गर्दछन् र श्रमिकवर्गको कमजोर चेतनामाथि खेलेर श्रमिक आन्दोलनलाई पुँजीवादीदिशातिर मोड्दछन्। अर्कोतिर स्वयं देशभित्रकै पुँजीपतिवर्ग आफैंले श्रमिकहरुका प्रतिष्ठानमा नेतृत्व गरिरहेका अगुवाहरुलाई विशेष सुविधा दिएर आम मजदुरहरु र नेतृत्वको सम्बन्धलाई टुटाईदिन्छन् र मुट्ठीभर नेताहरुमा नाफाको सानो हिस्सा वितरण गरेर हजारौं मजदुरहरुमाथि लुट मच्चाउँछन्। श्रमिकवर्गमा फूट पार्नका लागि पुँजीपतिवर्गले अपनाउने बृहत रणनीतिबारे हामीले अझै विशद व्याख्या र अनुसन्धान गर्न जरुरी छ। तैपनि आजसम्मका सामान्य अध्ययनले के देखाएको छ भने श्रमिक आन्दोलनमा भ्रम पैदा गर्न र फूट पार्नका लागि पुँजीपतिवर्गले कथित ठूला भनिएका ट्रेड युनियनहरुलाई आफ्नो कठ्पुतली बनाइसकेको देखिन्छ भने अर्कोतिर ती कठ्पुतली ट्रेड युनियनप्रति श्रमिकवर्गको विश्वास पनि टुट्दै गइरहेको छ र सच्चा क्रान्तिकारी श्रमिकहरुको संगठन निर्माणको प्रक्रियाले गति लिदैंछ। साम्राज्यवादी र पुँजीपतिवर्गको प्रभावबाट मुक्त रहेको नयाँ र जुझारु मजदुर आन्दोलनको ढोका समेत खुलेको छ।

अन्त्यमा, हामी के भन्न सक्छौं भने कथित उदारीकरण र भूमण्डलीकरणको नारा दिएर संसारका श्रमिकहरुको श्रम चुसेर मोटाएको विश्व पुँजीवादले श्रमिक वर्गको पनि विश्वव्यापी असन्तोष र प्रतिरोधको सामना गर्न परिरहेको छ। गतवर्ष अमेरिकामा भएको वाल स्ट्रीट कब्जा गरौं भन्ने नाराका साथ भएको लाखौं श्रमिकहरुको आन्दोलन कथित श्रम कानूनमा सुधारका नाममा पुँजीपतिवर्गले थोपर्न खोजेको मजदुर विरोधी कानुनका विरुद्ध फ्रान्समा श्रमिकवर्गमाथि भएको विद्रोह र हालसालै २० करोड श्रमिकहरुको ऐक्यबद्धतामा र सवा करोड श्रमिकहरुको सहभागितामा भारतमा भएको भारत बन्द आन्दोलन नयाँ र विकसित हुँदै अगाडि बढिरहेको छ। नेपालमा पनि पुँजीपतिहरुको नाफा सुरक्षित र विस्तार गर्नका लागि कथित नयाँ श्रम ऐनमार्फत् बेलगाम लुटको निमित्त मुट्ठीभर ट्रेड युनियनहरुलाई जसरी प्रयोग गरिरहेको छ, हामी सचेत श्रमिकवर्गको क्रान्तिकारी मजदुर आन्दोलनको विकास र विस्तार ध्वस्त पार्ने नयाँ संकल्प गर्न सक्यौं भने नेपाली मजदुरहरुको भविष्य उज्वल छ र हामीले सक्नुपर्दछ।

*(लेखक अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघका संयोजक हुन्।)*

# यसरी संगठित हुँदैछन् क्रान्तिकारी यातायात मजदुरहरु

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं



काठमाडौं जिल्ला अध्यक्ष जितबहादुर राई

'यातायातमा भइरहेको ट्राफिक ज्यादती-अन्त्य गर, यातायात व्यवसायमा माफियातन्त्रको अन्त्य गर, पार्किङ व्यवस्थापन -तुरुन्त लागू गर, सामाजिक कल्याणकारी कोषलाई- तुरुन्त लागू गर, यातायातमा भइरहेको ठेकेदारी प्रथा- अन्त्य गर' जस्ता माग गर्दै क्रान्तिकारी मजदुरहरु संगठित हुन थालेका छन्। ' यातायात मजदुरहरुको हक,हित र अधिकारका निम्ति स्थापित भएको अखिल नेपाल क्रान्तिकारी यातायात मजदुर संघ अब यातायात मजदुरहरुमाथि भइरहेको ज्यादतीका विरुद्ध सडकमा उत्रन्छ' काठमाडौंमा गत शनिबार मात्र सम्पन्न भएको अखिल नेपाल क्रान्तिकारी यातायात मजदुर संघ काठमाडौंको भेलाबाट निर्वाचित अध्यक्ष जितबहादुर राईले वर्गदृष्टिसँग कुराकानीको क्रममा भने, "विगतका मजदुर नेताहरु अवसरवादी बने, मजदुरको भन्दा मालिकको सेवा गरे, रातारात मजदुर आन्दोलनमाथि गद्दारी गर्दै अभिजातवर्गमा फेरिए। विगतका सबै नकारात्मक विरासतबाट पाठ सिक्दै अब हाम्रो क्रान्तिकारी यातायात मजदुर संघ स्तातिलो बनेर मजदुरहरुको अधिकारको लागि लड्नेछ।"

सम्पन्न अखिल नेपाल क्रान्तिकारी यातायात मजदुर संघको काठमाडौंको भेलामा यातायात मजदुर हरुको उल्लेखनीय उपस्थिति रहेको थियो। करिब ३ सय मजदुरहरुको उपस्थिति रहेको भेलाले जितबहादुर राईको अध्यक्षतामा ४७ जनाको जिल्ला समिति निर्माण गरेको थियो।

यातायात मजदुर नेता भुवन राउतले संचालन गरेको सो भेलाको प्रमुख आतिथ्यता अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघका संयोजक ईश्वर तिमिल्सिनाले गरेका थिए भने महासंघका पूर्व अध्यक्ष बद्री बजगाईंको विशेष उपस्थिति रहेको थियो। भेलाले पाँज जना उपाध्यक्ष, एक सचिव, दुई उपसचिव, कोषाध्यक्ष रहेको पदाधिकारी निर्माण गरेको छ। जस अनुसार उपाध्यक्षहरुमा क्रमशः पूर्ण क्रान्तिकारी, राजेश श्रेष्ठ, कृण घोरासैनी, नेत्रबहादुर कार्की, राजु कार्की, सचिव केदार मैनाली, सहसचिवद्वय केशव खतिवडा, दिलबहादुर तामाङ र कोषाध्यक्ष नारायण भण्डारी रहेका छन्।

भेलाले छत्र कार्की, भूपाल भूजेल, वालकृष्ण मैनाली, चित्रबहादुर श्रेष्ठ, धर्मराज दाहाल, विकास लामा रहेको सल्लाहकार समिति बनाएको छ भने जिल्ला सदस्यहरुमा सुरेश रञ्जित, खुमबहादुर चन्द, मधु अधिकारी, पूर्ण लामा, राजकुमार ढकाल, सोभितमान तामाङ, अर्जुन खत्री, निर्मल लामा, सन्तोष चौधरी, कुमार रानामगर, त्रिरत्न स्थापित, चन्द्र विक, कृष्ण खड्का, टहल बहादुर सार्की, सन्तराम चौधरी, तिर्थ श्रेष्ठ, भूपाल खड्का, सन्तोष श्रेष्ठ, नवराज चौलागाईं, रत्न बस्नेत, सोभितमान लामा'बि', वालकृष्ण मैनाली, सरोज बुढाथोकी, राजु तामाङ, लक्ष्मण लामा, मदुसुदन अधिकारी रहेका छन्।

## ब्राह्मणवादको विरोधको ...

बताए। उनले क्रान्तिकारी सांस्कृतिक आदर्श त्याग, तपस्या र बलिदानमा आधारित भएको बताउँदै इच्छुकका सपनाहरू पुरा गर्न बाँकी रहेको औल्याए।

यसै सन्दर्भमा चैतन्यले सांस्कृतिक रूपान्तरणको क्षेत्र व्यापक भएकाले अग्रगामी संस्कृतिको सुरुआत र पुरातन रुढिवादी संस्कृतिको परित्याग गर्ने कुराको थालनी कम्युनिष्ट पार्टीहरूले आफूबाट थाल्नु पर्ने धारणा राखे। शनिबार काठमाडौंको घट्टेकुलो स्थित इच्छुक भवनमा आयोजित सो सभामा प्रतिष्ठान कार्यसमिति सदस्य, प्राज्ञ सभा सदस्यहरूको उपस्थिति रहेको थियो। सभामा सदस्य सचिव हिरामणी दुखीले बार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए भने अध्यक्ष ईश्वरचन्द्र ज्ञवालीले प्रतिष्ठानको समग्र प्रगति विवरण तथा प्रतिष्ठानले भोगेका समस्याहरूको विषयमा प्रष्ट पारेका थिए। सदस्य सचिवले वार्षिक कार्यक्रम तथा अनुमानित बजेटका साथै गत आवको लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गरेपछि सुझावका लागि फ्लोर ओपन गरिएको थियो। सो अवसरमा प्राज्ञहरू सत्य पाहाडी, लोकबहादुर थापा, मोदनाथ मरहट्टा, पन्चकुमारी परियार, सीता शर्मा, सुकुम शर्मा, मित्रलाल पंज्ञानी, राजबहादुर कुँवर र अनिल श्रेष्ठले प्रतिवेदनमाथि सुझाव र जिज्ञासा राखेका थिए। सभामा उठेका विषयहरूलाई सदस्य सचिवले जावफ दिँदै महत्त्वपूर्ण सुझावहरूलाई प्रतिवेदनमा समेट्ने जनाएपछि एकमतले उक्त पतिवेदन पारित गरिएको थियो।

प्रज्ञासभाले विधानतः दुई वर्षे कार्यकाल अझै बाँकी रहेकोले पुरानो कार्यसमितिलाई नै निरन्तरता दिने निर्णय गरेको छ। सभाले कविता गोष्ठी, वैचारिक अन्तरक्रिया गोष्ठी, विधागत कार्यशाला, मासिक सांस्कृतिक संवाद, सांगीतिक कार्यक्रम, पुस्तकालय व्यवस्थापन, इच्छुक स्मृति दिवस आयोजना र पुरस्कार वितरणजस्ता वार्षिक कार्यक्रमहरू ठोस गरेको छ।

## 'प्रभू'हरुलाई खुशी ...

अर्को राष्ट्रसँग गर्ने सन्धि सम्झौता कुनै दल, गठबन्धन अर्थात् व्यक्ति विशेषको कुरा होइन। विगत दशवर्षे जनयुद्धको क्रममा पार्टीका नेता, कार्यकर्ता र जनमुक्ति सेनालाई थाहै नदिई दिल्लीसँग सम्झौता गरेर हजारौं जनयोद्धाहरुको बलिदानमाथि गद्दारी गर्दाताका पनि उनले रिस्क नलिई क्रान्ति हुन्न भन्ने गर्दथे। नेतृत्व केन्द्रीकरणको नाममा उनले पार्टीको सबै निर्णय गर्ने अधिकार आफूमा लिंदा जनयुद्धका महान् आदर्श, मूल्य, सपना र उद्देश्यलाई सडकमै मिल्काएर प्रतिक्रियावादी वर्गको मतियार बन्न पुगेका पुष्पकमल दाहाललाई अहिले कसरी देश र जनताको भविष्यसँग जोडिएका विषयमा सन्धिसम्झौता गर्ने एकलौटी छुट सकिन्छ ? बोली र व्यवहारको ठेगान नभएका नेता र व्यक्तिगत स्वार्थका लागि जे पनि गर्ने पात्रको रुपमा बद्नाम भइसकेका व्यक्तिलाई राष्ट्र र जनतामाथि निर्णय लिने एकाधिकार प्रदान गर्नु मुलुककै लागि प्रत्युत्पादक हुन सक्छ।

## 'देशभक्त जनगणतान्त्रिक ...

भनिएपनि इतिहास अन्ततः अली अली दोहोरिने जस्तो देखिने भन्दै उनले द्वन्द्ववादमा निषेधको निषेश नियम हुने कुरा बताए। उनले मकैको गेडाबाट बोट हुँदै नयाँ मकैले बोटलाई प्रतिस्थापन गरेपनि त्यो मकै पुरानो नभएर नयाँ नै हुने बताए। 'विश्व कम्युनिष्ट आन्दोलनको दौरानमा पहिलो अन्तर र्ाष्ट्रिय अत्यन्त जिकज्याकका बीचबाट अघि बढेको र अन्तत विघटन समेत गर्नुपरेको थियो,' उनले भने, 'त्यसपछि दोस्रो अन्तर्राष्ट्रिय गठन भयो, त्यस्तै क्रान्ति पनि गरिदै आइयो, आइयो र फेरि मासिदै मासिदै गयो।'

कार्यक्रममा पार्टीका वरिष्ठ नेता तथा मोर्चा संयोजक सीपी गजुरेलले मोर्चा गठनको सुरुवात शानदार भएको उल्लेख गर्दै यसले प्रतिक्रियावादी कित्तामा आतंक सिर्जना गरेको बताए। उनले राष्ट्रिय आवश्यकताको कारणले नै मोर्चा गठन गर्नुपरेको उल्लेख गर्दै उनले नेपाली क्रान्तिले पूर्णता नपाउँदै एउटा पंक्तिले गद्दारी गरिसकेपछि क्रान्तिको बाँकी र अधुरो कार्य पूरा गर्नका लागि मोर्चा गठन भएको बताए। समाजमा भएका अन्य क्रान्तिकारी तप्काहरुलाई समेत एकताबद्ध गरी नेपालमा नयाँ ढंगले क्रान्ति सम्पन्न गर्नका लागि यो मोर्चा निरन्तर अघि बढ्ने बताए। माओले भनेझै तीन जादुगरी हतियारमध्ये यो मोर्चा क्रान्ति सम्पन्न गर्नका निम्ति नेकपा क्रान्तिकारी माओवादीको नेतृत्वमा गठन भएको यो मोर्चा सामन्तवाद र साम्रज्यवाद विरोधी मोर्चा भएको उनको भनाई थियो। प्रचण्डले तत्काल गर्न लागेको भारत भ्रमण पुनः राष्ट्रघाती सन्धि सम्झौता गर्नका निम्ति भएको उल्लेख गर्दै उनले हस्ताक्षर गर्ने सबै दस्तावेज तयार भइसकेको तर हस्ताक्षर गर्ने ठाउँमात्रै खाली भएकोले प्रचण्ड दिल्ली जान लागेको उनले बताए।

प्रतिक्रियावादी र प्रतिक्रान्तिकारीको निदहरण गरी नेपालमा उथलपुथल मच्चाइदिने उल्लेख गर्दै उनले आत्मगत शक्तिलाई पनि क्रान्ति र संघर्षकै माध्यमबाट मजबुत बनाउले दृढता व्यक्त गरे। उनले आफूहरु नै जित्ने शक्तिको रुपमा उदाउने उल्लेख गरे। यो मोर्चा संघर्ष र सत्ताको साधन भएको बताउँदै उनले निरीह भएर बसेका जनतालाई गाउँगाउँमा गएर जगाउँदै समानान्तर सत्ताको रुपमा भूमिका निर्वाह गर्ने गजुरेलको भनाई छ। क्रान्ति सम्पन्न गर्ने जिम्मा आफूहरुको काँधमा आएकोले सारा शोषित उत्पीडित जनतालाई संगठित गरी प्रतिक्रियावादी र साम्राज्यवादीका विरुद्ध समेत आगो बाल्ने बताए।

कार्यक्रममा अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका संयोजक इश्वर तिमल्सिना, अखिल नेपाल किसान संघ क्रान्तिकारीका अध्यक्ष भूमिश्वर कँडेल, अखिल नेपाल महिलासंघ क्रान्तिकारीका तर्फबाट अम्बिका मुडभरी, नेपाल दलित मुक्ति मोर्चाका संयोजक अमर परियार, मधेसी राष्ट्रिय मुक्ति मोर्चा क्रान्तिकारीका अध्यक्ष रोशन जनकपुरी, अखिल नेपाल आदिवासी जनजाति महासंघका तर्फबाट कमल चौधरी, क्रान्तिकारी युवा लिगका संयोजक अमिर महर्जन, अनेरास्ववियु क्रान्तिकारीका संयोजक सेवन्तराज भण्डारी, राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी संगठनबाट हुकुम बहादुर सिंह, अखिल नेपाल जनसाँस्कृतिक महासंघका अध्यक्ष इश्वरचन्द्र ज्ञवाली, अखिल नेपाल प्रगतिशील शिक्षक संगठनका अध्यक्ष विजयरत्न बज्राचार्य, राष्ट्रिय उद्योग व्यापार महासंघका तर्फबाट हरिकृष्ण उपाध्याय, नेपाल राष्ट्रिय प्राध्यापक संघबाट अध्यक्ष जगदिशचन्द्र भण्डारी, जनक्रान्तिका घाइते, अपांग योद्धा संघको तर्फबाट भक्तराज थापा, क्रान्तिकारी पत्रकार महासंघको तर्फबाट महासचिव केशरमणि कटुवाल, प्रगतिशील कानुन व्यवसायी संघको तर्फबाट रामबहादुर केसी, भेरी कर्णाली राष्ट्रिय मुक्ति मोर्चाबाट धनजीत शाहीले शुभकामना मन्तव्य राखेका थिए।






**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रधान सम्पादक** : कुमार शाह, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं